# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

विश्व मानचित्रमा नेपालको भौगोलिक अवस्थिति २६°२२' उत्तरी अक्षांशदेखि ३०°२७' उत्तरी अक्षांश र ८०°४' देखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ । नेपालको पूर्व (पश्चिम लम्बाई ८८५ कि.मि. र उत्तर दक्षिण चौडा १९३ कि.मि. छ । एसियाका दुई ठूला राष्ट्रहरू चीन र भारतको बीचमा अवस्थित नेपालको कुल क्षेत्रफल १४७,१८१ वर्ग कि.मि. रहेको छ (के.सी.,२०५९:१) । विश्वमा नेपाल एक अत्यन्तै प्राचीन देश हो (दाहाल र खतिवडा,२०५७:८) । प्रागैतिहासिक कालदेखि नै नेपालमा मानिसहरूको बसोबास भएको थियो (उप्रेती र थापा, २०५३:१) । इतिहासको उषाकालदेखि नै नेपाली समाजको निर्माण भएको हो । यस भूमिमा अनेकौं जातिका मानिसहरूको अवशेष रहेको भए तापनि मूलत : नेपाली समाजका आर्य तथा मङ्गोल मूलका मानिसहरूको समूहबाट निर्माण भएको हो (शर्मा, २०६४) ।

पृथ्वीमा जव मानव जातिको सृष्टी वा उदय भयो, त्यतिबेला सायद अहिलेको जस्तो विभिन्न जात जातिको एकै चोटी विकास भएको थिएन । मानिस सुरूमा दुई जाति पुरूष र महिलाको रूपमा विकास भएको थियो भन्ने कुरा विभिन्न अध्ययन अनुसन्धानबाट थाहा पाउन सकिन्छ । सभ्यताको विकासको क्रमसँगै मानिसहरू विभिन्न युगहरू पार गर्दै अहिलेको अवस्थामा आईपुगेको हो । यो अवस्थामा आईपुग्न धेरै हजारौं वर्ष लागेको छ । पुरूष र महिला जातिबाट सुरू भएको मानव सभ्यता विकासको विश्व परिवेशको विभिन्न कालखण्डमा आईपुग्दा विभिन्न जातजातिको रूपमा विकसित भयो । जस्तै काला र गोरा जाति, मंगोलियन, हप्सी, आर्य, शुद्र आदि (उप्रेती र थापा, २०५३) ।

नेपालमा मल्लकालिन राजा जयस्थिति मल्लले तत्कालिन सामाजिक परिवेशमा आमूल सुधार गर्ने नाममा कानुनी व्यवस्था कायम गर्ने हेतुले मानव न्याय धर्मशास्त्र सम्बन्धि विधान बनाउन भारतबाट रघुनाथ झा, किर्तिनाथ उपाध्याय, महिनाथ भट्ट आदि विद्वानहरू झिकाई पाँच ब्राह्मणहरू रहेको आयोग गठन गरी वि.सं. १४३७ मा हिन्दू विधिशास्त्र बनाउन लगाए । यसमा जातको आधारमा पेशा किटान गरी आफ्नो जातको पेशा

नगर्नेलाई दण्ड र अर्काको जातको पेशा गर्नेलाई अपराधीसरह दण्ड गर्ने, सानोजात ठानिएकाहरूको हातको पानी नचल्ने बनाई उनीहरूलाई तल्ला भएको घरमा बस्न र राम्रो लुगा लगाउन बञ्चित गरियो (वागचन्द, २०५९)।

पृथ्वीनारायण शाह देखि राणाकाल सम्म (१७८६-१८४५) पहाडी भेगमा पानी नचल्ने तथा छुन नहुने शुद्र जस्तै : दमाई, कामी र सार्की, नेवारी समुदायका वलामी र कुश्ले तथा दक्षिण भेगका डोम, चमार आदिले जातीय नियम उल्लंघन गरे मृत्यु दण्ड दिइन्थ्यो । जातपात र छुवाछुत व्यवस्था सृष्टि गर्ने हिन्दू धर्मबादले आफ्ना मूल आधार ग्रन्थ वेद हुन् भने पनि वेद, उपनिषदमा हिन्दू शब्द उल्लेख भएको पाइँदैन (प्रश्रित, २०६२) ।

नेपाल सरकारले विद्यालय शिक्षाको क्षेत्रमा गरेको लगानीको अनुपात अन्य मुलुकको तुलनामा सानो छ। तर पनि नेपालमा विद्यालय शिक्षाको क्षेत्रमा जे जति लगानी भएको छ त्यो यहाँका अन्य क्षेत्रको तुलनामा भने बढी छ । आम नेपाली जनजीवनमा सकारात्मक परिवर्तनको धमिलो संकेतलाई दृष्टिगत गर्दा विद्यालय शिक्षामा जेजति लगानी भएको भएता पनि त्यत्तिकै खेर गइरहेको जस्तो देखिन्छ। यस कुरालाई मध्यनजर गरी देशमा विद्यालय शिक्षामा हुनसक्ने लगानीबाट शिक्षाको गुणस्तर अधिकतम् गरेर नेपाली जनजीवन उकास्ने कुरामा आम शिक्षाकर्मीहरूको ध्यान जानु जरुरी छ (गौडेल तथा अन्य, २०६४)।

आदिम युगदेखि नै मानवको बसोबास भएको प्रमाणित भइसकेको नेपाल प्राचिन समय देखि नै विविध जातजातिका मानिसहरूका सुरक्षित स्थलका रूपमा रहन पुग्यो । तराईको घना जङ्गल, प्रचण्ड धूप तथा हिंस्रक जनावरहरूको अनि रोगको प्रकोपको भय तथा उत्तरतर्फ गगनचुम्बी प्राकृतिक पहरेदारका रूपमा युगौंदेखि उभिइरहेका हिमशृङ्खलाद्वारा परिवेष्ठित यस क्षेत्र मनमोहक तथा सुरक्षित भएको हुनाले विभिन्न समयमा छिमेकी राष्ट्रहरू चीन, तिब्बतबाट मङ्गोल मूलका मानिसहरू र भारतबाट आर्य मूलका मानिसहरू नेपाल आई स्थायी रूपमा बसोबास गर्ने मात्र होइन शासकहरू पनि त्यसरी नै रहे । नेपालमा शासन गर्ने गोपाल, महिषपाल, किरात, लिच्छवि, मल्ल तथा शाहवंशीय शासकहरू सबै बाहिरबाटै आएका हुन् । यसरी शासकदेखि जनतासम्म अनेकौं जातजातिहरूको संगमस्थलका रूपमा विकसित नेपालमा २०६८ सालको जनगणनानुसार नेपालमा १२५ जातजातिका मानिसहरू रहेका छन् ।

नेपाली समाजको बनावटलाई हेर्ने हो भने यहाँ विभिन्न पेशा, वर्ण, धर्म, भाषा र जातजातिका मानिसहरू मिलेर निर्माण भएको पाइन्छ । नेपालीहरूमा भातृत्वको भावना, धार्मिक सहिष्णुता, अनेकताको भावना, अतिथिलाई देवतासमान मान्ने भावना आदि जस्ता विशेषता विद्यमान रहेको र आपसी सहयोग र सद्भावलाई मान्यता दिने गुण भएकोले नेपाली समाज एक प्रकारको समाजका रूपमा मानिन्छ । जातिगत, भाषागत, संस्कारगत र धार्मिक विषयवस्तुलाई लिएर हालसम्म यहाँ विशेष उथलपुथल र झैझगडा भएका घटनाहरू घटेका उदाहरणहरू छैनन् (दाहाल र खतिवडा, २०५७ः १-२) । नेपालमा हिन्दू, बौद्ध, मुस्लिम, इसाई, जैन, किराती आदि धर्मावलम्बीहरू आ-आफ्ना धर्म-संस्कृति निर्वाध रूपले मानिरहेका छन् । विशेषतः २०४६ सालको जनआन्दोलन अर्थात् निरङ्कुश राजतन्त्रकालको अन्त्यपश्चात् नेपाली समाजमा आ-आफ्नो भाषा, संस्कृति, धर्म, वेशभूषा आदिको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिदैं आएको पाइन्छ (कार्की, २०६८:१२) र नेपाली समाज सहअस्तित्व र भातृत्वको भावनाले युगौंदेखि परम्परमा बाँधिदै आएको छ ।

नेपाल सानो देश भएतापनि यो बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक भएको सुन्दर शान्त देश हो । परापूर्वकालदेखि सप्तरङ्गी फूल एउटै मालामा सुसज्जित भए जस्तै यहाँका अनेकौं जातजातिहरूमा अनेकताभित्र ‘एकता’ र विविधताभित्र ‘एकरूपता’ कायम हुँदै आएको छ । जुनसुकै जात, जाति, दलित र उत्पीडित तथा कालो-गोरो वा जुनसुकै वर्ण र क्षेत्रका भए पनि ती सबैका नसामा नेपाली रगत बग्दछ । सबै जातजाति जनजाति बर्षौंदेखि कुनै जातीय, क्षत्रीय विद्वेष नराखी मिलेर बसेका छन् । विश्वमै सामाजिक सद्भाव र सहिष्णु चरित्र बोकेको समाज भनेर नेपाली समाज चिनिन्छ ।

नेपाल अनेक जातजाति, भाषाभाषी, धर्म-संस्कृति र सम्प्रदायले मिलेर बस्दै आएको इन्द्रधनुषी मुलुक हो ।आफ्नो जातीय पहिचान जोगाउनु सबै जातजाति, जनजातिको कर्तव्य र धर्म हो । नेपालको पहिचान र सुन्दरता नै यहाँको बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक विविधता र त्यसलाई मजबुत पार्ने एकता हो । थरीथरी जात र सम्प्रदायका मानिसहरू उनीहरूका अनेकौं थरी संस्कृति, भाषा, वेशभूषा, परम्परा, संस्कारहरू यी जीवन्त राष्ट्रका कला र संस्कृतिहरू सम्पत्ति हुन् । ईश्वरले नेपाललाई यी सबै आभूषणहरूले सुसज्जित गरेको छ (खरेल, २०६६ः ७) ।

सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको सम्मेलनले सन् २००० सम्म “सबैका लागि शिक्षा” भन्ने घोषणापत्र जारी गऱ्यो । यस सम्मेलनले सुविधाजनक समूहका साथै असुविधाजनक समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो । त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि साऱ्यो । सन् २००० सम्ममा उल्लेखनीयन उपलब्धी हासिल नभएपछि पुनः अप्रिंल २६-२८ सन् २००० मा विश्व शिक्षामञ्चले “सबैका लागि शिक्षा” मा पुन : प्रतिवद्धता जाहेर गऱ्यो । त्यसैअनुरूप सन् २०००-२००५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको तत्कालीन रणनीति, सन् २००५-२०१२ सम्म मध्यकालीन रणनीति र सन् १०१२-२०१५ लाई दीर्घकालीन रणनीति निर्धारण गरी सन् २०१५ सम्म विश्वका सबै मुलुकमा रहेका बालबालिकाहरू खासगरी पिछडिएका, सुविधाविहिन र द्वन्द्वमा रहेका बालबालिकाहरूलाई प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने प्रतिवद्धतास्वरूप हरेका मुलुकमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भइरहेका छन् (काफ्ले तथा अन्य, २०६०) ।

छुवाछुतलाई कानूनद्वारा संरक्षण गर्ने कार्य सुरेन्द्र विक्रम शाहको (वि.सं. १८७०-१९३७) पालामा शुरु भएको पाइन्छ । त्यस कालमा बनेका स्थिति बन्देजहरूमा अछुत जात भनी कामी, दमाई, सार्की र गाइनेलाई भनिएको छ । वि.सं. १९०३ को पञ्जापत्रबाट शासन हत्याएका जंगबहादुर राणाको पालामा गठित लेखपति र लोकपति झा आयोगद्वारा तैयार पारिएको मुलुकी ऐन १९१० मा मनुस्मृतिको सहयोग लिएको पाइन्छ । जसमा छिटो हाल्नु पर्ने, छिटो हाल्नु नपर्ने र पानी नचल्नेको, घटिबढि जातमा करणी गर्नेको भनि घटिबढि जातका महलहरूको व्यवस्था थियो र सो बैधानिकता हालसम्म समाजमा जरा गाडेर बसेको छ (वागचन्द, २०५९) ।

संघिय नेपाल को संबिधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्यमा नागरिक कानुनको नजरमा सबै जातजाती समान हुने छन् भनिएको छ, हरेकलाई समानताको हक

हुनेछ, कुनै पनि व्यक्तिलाई उसको उत्पतिको आधार मा समुदाय पेसा व्यवसाय को आधार मा भेदभाव गरिने छैन भनेको छ ।

“कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय र पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने छ ।” त्यस्तै धारा १४ (२) मा “कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश वा धार्मिक कार्य गर्नबाट बञ्चित गरिने छैन ।” यसबाट के प्रष्ट हुन्छ भने छुवाछुत तथा जातीय भेदभाव कानुनी रूपमा अन्त्य भै सकेको छ (नेपालको संविधान, २०७२) ।

आदिवासी जनजातिको सन्दर्भ उल्लेख गर्नुपर्दा २९ जुन २००६ मा राष्ट्रसंघीय मानव अधिकार परिषद्ले पारित गरेको घोषणापत्रमा व्यवस्थित गरिएको अधिकार प्राप्त जनजातिहरू पर्दछन् । हाल संसारका ७० भन्दा बढि मुलुकमा छरिएर रहेका आदिबासी जानजातिको संख्या ५० करोडभन्दा बढि रहेको अनुमान छ । आदिबासी जनजातिको समूह मध्येको एक प्रमुख समूह वा जाति गुरुङ जाति भएको कुरा उल्लेख छ । चार जात छत्तिस बर्णको फूलबारी भनि चिनिने नेपालमा भौगोलिक क्षेत्रको स्वरूपको आधारमा विभिन्न जातजातिका मानिसको बसोबास रहेको छ । यहाँ हालसम्म ५९ जनजातिहरू सूचीकृत छन् । संसारमा ५००० भन्दा बढि आदिवासी जनजातिहरूका समूह तथा उप-समूहहरू रहेका छन् । एसिया महादेशमा विश्वको ४५% जनसंख्या रहेको हुँदा यहाँ आदिबासी तथा जनजातिहरूको समूह र संख्या बढि नै रहेको छ ।

मानवविकास प्रतिवेदन (२००६) को अनुसार प्राचिन समाज र सभ्यता सँगसँगै देखा परेका शिक्षाका विविध स्वरूपहरू वर्तमान अवस्थासम्म पनि हाम्रो समाजमा विभेदीकरणको रूपमा रही रहेका छन् । नेपालमा पनि वर्गीय विभेद विद्यमान रहेको हुँदा शिक्षाका अवसरहरूमा एकरूपता छैन । यहाँको शैक्षिक उपलब्धीको कुरा गर्ने हो भने कक्षा ६ मा भर्ना भएका १०० जना मध्ये १५ जना मात्र एस्.एल्.सी. पास हुन्छन् । कक्षा ६ मा भर्ना भै एस्.एल्.सी.मा पुग्न औसत १२.२ वर्ष लाग्दछ । प्रा.वि.को सरदर क्षमतादर ४९% मात्र देखिनुले पनि न्यून शैक्षिक उपलब्धीको संकेत गरेको छ (मानव विकास प्रतिवेदन, २००६) ।

गण्डकी प्रदेशको सदरमुकामको रूपमा रहेको कास्की जिल्ला आफैमा महत्वपुर्ण पर्यटकीय, धार्मिक अनि सांस्कृतिक जिल्ला पनि हो ! यो जिल्लामा बिभिन्न जिल्लाबाट बसाईसराई गरेर आउनेको सङ्ख्या पनि उत्तिकै महत्वपुर्ण छ । विभिन्न जाति र धर्म मा विश्वास गर्ने मानिसहरूको संयोग स्थल रहेको कास्कीमा गुरुङ जातीका मानिसहरूको पनि उत्तिकै बाहुल्यता रहेको छ । बाहुन, क्षेत्री, गुरुङ, मगर लगाएत दलितहरू समेत उल्लेख्य बसाइ रहेको छ ! प्राचिन कास्की राज्यको राजधानी कास्कीकोट धार्मिक हिसाबले प्रख्यात भएका कारणले पनि कास्की को नाम कास्कीकोटबाट रहेको हो भन्ने तथ्यहरू पाइन्छ । यो जिल्लाको राजधानी पोखरा हो जसले करिब २०१७ बर्ग कि.मि. क्षेत्रफल र करिब ४,९२,०९८ जना जनसंख्या रहेको पाइन्छ (२०११ को जनगणना) यी जिल्ला आफैमा देश को केन्द्र भागमा अबस्थित छ भन्दा फरक पर्दैन । यो जिल्ला को समुन्द्र सतहबाट ४५० मि देखि ८,०९१ को उचाइ सम्म फैलिएको छ । कास्की जिल्ला राजनीतिक हिसाबले एउटा महानगरपालिका ४ ओटा गाउपालिका र ३ संघिय निर्बाचन क्षेत्र ६ वोटा प्रदेश निर्बाचन क्षेत्र मा विभाजन गरिएको छ ।

नेपालको सबैभन्दा ठुलो महानगरपालिका को रूपमा पनि पोखरा परिचित छ । सन् २०११ को साक्षर दर हेर्दा करिब ६५.९% रहेको छ भने पुरुष ७५.१% र महिला ५७.४% छ । सबै जातजातीको बिधालय प्रवेश दर हेर्दा करिब ६३,७३,००३ बालबालिका विद्यालय तहमा अध्ययन गरेको पाहिन्छ । यसरी समग्रतामा हेर्दा प्राथमिक बिधालय तह मा ४०,३०,०४५ बिद्यार्थीले अध्ययन गर्दछन भने अध्ययन गर्न खोजिएको गुरुङ समुदायका बालबालिकाहरूको अवस्थालाई पनि के कस्तो छ भनेर हेर्न खोजिएको छ । अलिक माथिल्लो कक्षा खास गरि १०+२ अध्ययन गरेपछि विदेशको लागी लाहुरे हुन आफ्नो अध्ययनलाई छोड्ने गुरुङ बालबालिकाहरूलाई पनि केहि सहयोग पुगोस् भन्ने लक्ष्य रहेको छ ।

### १.२ समस्याको कथन

नेपालमा युगौदेखि जरा गाडेर रहेको जातीय विभेद तथा असमान व्यवहार समाज विकासको अवरोधको रूपमा खडा भएको छ । देशको कूल जनसंख्याको ७.२४% मगरहरू रहेको भए तापनि उनीहरू आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, शैक्षिक तथा

स्वास्थ्य सम्बन्धि दृष्टिकोणले समेत पछि परेका छन् । शिक्षाबाट बञ्चीत ४०% मानिसहरू पनि मूलरूपमा दलितहरू र त्यसपछि जनजातिहरू पर्दछन् (सेरिड, २००१) ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पिछडिएका समुदायमा शिक्षाको ज्योति पुऱ्याउन सम्बन्धित समुदायलाई संलग्न गराई विद्यालयहरूको सञ्चालन गरिनु पर्दछ साथै पिछडिएका समुदायका केटाकेटीहरूलाई विद्यालय ल्याउन टिकाउन र निरन्तर शिक्षा प्रदान गर्न छात्रवृत्ति दिने प्रवन्ध गर्नु पर्छ भनेर सुझाव दिइएकोमा तुलनात्मक रूपमा सन्तोषजनक अवस्थाको सिर्जना हुन सकेन (गौतम र अन्य, २०६०) ।

मानवीय आवश्यकता मध्येको एक प्रमुख आवश्यकताको रूपमा मानिने शिक्षा सर्वसुलभ बनाउन नेपाल सरकारले प्रतिवद्धता जाहेर गरेको छ । “सबैको लागि शिक्षा” कार्यक्रमको माध्यमबाट पिछडिएको वर्ग, लिङ्ग, जाति आदिको लागि समेत समावेशी शिक्षाको कार्यक्रमहरू लागू भैरहेका छन् । साथै प्राथमिक तहको शिक्षा सबै वर्ग जाति, लिङ्ग र समुदायमा पुऱ्याउन खोजिएको छ । शिक्षा सम्बन्धी ल्याइएको विविध कार्यक्रम लागू गरिएता पनि प्राथमिक तहमा मगर बालबालिकाको शैक्षिक उपलब्धि न्यून रहेको छ ।

सन् २०११ को साक्षर दर  हेर्दा करिब ६५.९% रहेको छ भने पुरुष ७५.१% र महिला ५७.४% छ । सबै जातजातीको बिधालय प्रवेश दर हेर्दा करिब ६३,७३,००३ बालबालिका बिधालयतहमा अध्ययन गरेको पाइन्छ । यसरी समग्रतामा हेर्दा प्राथमिक बिधालय तह मा ४०,३०,०४५ बिद्यार्थीले अध्ययन गर्दछन भने यहा अध्ययन गर्न खोजिएको गुरुङ समुदायका बालबालिका हरू को अबस्थालाइ पनि के कस्ठो छ भनेर हेर्न खोजिएको छ । माथिल्लो कक्षा खास गरि १०+२ अध्ययन गरेपछि विदेशको लागी लाहुरे हुन आफ्नो अध्ययन लाई छोड्ने गुरुङ बालबालिकाहरू लाइ पनि केहि सहयोग पुगोस भन्ने लक्ष्य रहेको छ ।

साथै गुरुङ समुदाय को शैक्षिक अबस्था कस्तो छ ? गुरुङ बालबालिकाको शैक्षिक गतिबिधि के कुराले प्रभाब गरेको छ ? कुन उमेर मा गुरुङ बालबालिकाहरू प्राथमिक तहमा भर्ना हुन्छन ? बालबालिकाहरूको शैक्षिक उपलब्धिमा प्रभाब पार्ने प्रमुख तत्वहरू के कस्ता होलान ? गुरुङ बालबालिकाको शैक्षिक उपलब्धिलाई बृद्दी गर्न के कस्ता उपायहरू छन् जस्ता प्रश्नहरूलाई अध्ययनको समस्या मानी ति प्रश्नहरूको उत्तर खोजि गर्नको

लागी अनुसन्धानमा प्रयास गर्ने गरिएको छ । उद्देश्यहरूको प्राप्तिको लागि निम्न अनुसन्धानात्मक प्रश्नलाई आधार लिइएको छ ।

- गुरुङको शैक्षिक अवस्था कस्तो छ ?
- गुरुङ बालबालिकाको शैक्षिक अवस्था के-कस्ता छन् ?
- गुरुङ विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा कुन-कुन पक्षले प्रभाव पार्दछ ?
- गुरुङ विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्वहरू के-कस्ता होलान्?
- गुरुङ बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्न के-कस्ता उपाय छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्न उद्देश्यहरू राखिएको छ ।

(क) प्राथमिक तहमा अध्ययनरत गुरुङ बालबालिकाको शैक्षिकअवस्था पत्ता लगाउनु ।

(ख) गुरुङ बालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउनु ।

(ग) गुरुङ बालबालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपाय सुझाउनु ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको आ-आफ्नै महत्व तथा औचित्य भएजस्तै यो अध्ययनको पनि आफ्नै किसिमको महत्व रहेको छ । यस अध्ययनले गुरुङ विद्यार्थीहरू साथै गुरुङ समुदायमा शिक्षाको अवस्थामा प्रभाव पार्ने तत्वहरूको बारेमा प्रष्ट हुनेछ । साथै गुरुङ विद्यार्थीहरूलाई शैक्षिक उपलब्धि बृद्धि गर्न शिक्षामा बढि भन्दा बढि सहभागिता गराउन शिक्षक, अभिभावक, समाज र विद्यार्थीहरूले वहन गर्नुपर्ने उत्तरदायित्वलाई समेत स्पष्ट पार्नेछ । यस अध्ययनबाट गुरुङ विद्यार्थीको शैक्षिक अवस्था पत्ता लगाउन र गुरुङहरूको शैक्षिक अवस्था न्यून हुने तत्वहरू पत्ता लगाउन गुरुङ बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू सुझाउनु । गुरुङ समुदायको र विद्यार्थीको प्राथमिक स्तरमा समान पहुँच र सहभागिता बढाउन अपनाउनु पर्ने भावी रणनीति तथा योजना बनाउन र गुरुङसँग सम्बन्धित अन्य अनुसन्धान गर्न इच्छुक अनुसन्धानकर्तालाई सहयोग पुग्नसक्ने देखिन्छ ।

जनजाति मध्येको सबैभन्दा धेरै जनसंख्या भएको मगर जातिको शैक्षिक अवस्थालाई यस शोधकार्यमा अध्ययन गर्न लागिएको छ । जातीय आधारमा शिक्षाको प्रकृति पनि फरक हुने हुँदा मगरहरूको शैक्षिक अवस्था कमजोर देखिएकोले यहाँ अध्ययनको विषयवस्तु बनाइएको छ । जनजातिको प्रा.वि. भर्नादर ३६% मात्र देखिनु पनि न्यून शैक्षिक उपलब्धीको संकेत हो । जनजातिको भर्ना ३६% मात्र देखिँदा जनजाति मध्येको प्रमुख जाति मगरको शैक्षिक अवस्था अध्ययन गर्न सान्दर्भिक ठानीएकोले "प्राथमिक तहको शैक्षिक उपलब्धिमा वातावरणको प्रभाव" विषय अन्तर्गत खासगरी मगर विद्यार्थीको प्राथमिक तहको शैक्षिक उपलब्धिमा वातावरणको प्रभावको बारेको विषय अध्ययनको लागि उठान गरिएको हो । तसर्थ अध्ययन क्षेत्रका मगर विद्यार्थीहरूको शैक्षिक अवस्थाको अध्ययन गरी शैक्षिक अवस्था न्यून हुन वातावरणले कस्तो प्रभाव पार्दछ भन्ने तत्व पहिचान गरी निश्कर्ष निकालि आवश्यक सुझाव दिनु यो अध्ययनको लक्ष्य हो ।

यस अध्ययनबाट प्राप्त निष्कर्षले शिक्षा र गुरुङ जातिसँग प्रत्यक्ष वा परोक्ष रूपमा चासो राख्ने शिक्षक, विद्यार्थी, समाज, विषयविद, शिक्षाविद्, सरकारी तथा गैरसरकारी संस्थाहरू र शैक्षिक संस्थाहरूलाई नीति नियम कार्यान्वयन र निर्णय गर्नका लागि समेत सहयोग पुऱ्याउन सक्ने देखिन्छ । यस अनुसन्धानबाट प्राप्त निष्कर्षको औचित्य निम्नानुसार हुने अपेक्षा गरिएको छ :

(१) अनुसन्धानकर्ता तथा सरोकारवालालाई उपयोगी स्रोत सामग्रीको रूपमा रहनेछ ।

(२) पाठ्यक्रम निर्माताहरूलाई समयसापेक्ष पाठ्यक्रम परिमार्जन गर्न मद्दत पुऱ्याउनेछ ।

(३) शिक्षाका नीतिनिर्माता तथा योजनाकारहरूलाई शैक्षिक नीति तथा योजना निर्माण गर्न सहयोग पुऱ्याउनेछ ।

(४) शैक्षिक लगानीकर्ताहरूलाई शिक्षामा लगानी गर्न आधार प्रदान गर्नेछ ।

(५) जनजाति उत्थानमा लागेका व्यक्तिहरू विद्यार्थी, वुद्धिजीविहरूलाई योजना, नीतिनिर्माण र कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि अध्ययनको निश्चित सीमा रहन्छ । यस अध्ययनमा पनि अनुसन्धान कर्ताको सीमीत स्रोत, साधन र अर्थाभावका कारण निम्नानुसार परिसिमित गरियो । यस विषयको

अध्ययनको लागि कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १३ स्थित भद्रकाली माध्यमिक विद्यालयमा अध्ययन गर्ने कक्षा १ देखि ५ सम्मका गुरुङ विद्यार्थीहरूलाई अध्ययनमा छनोट गरिएको छ । अध्ययनको औचित्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ । यो क्षेत्र बाभ्फापाटनमा खासगरी गुरुङ जातिहरूको बाहुल्यता रहेको छ । साथै गुरुङ विद्यार्थीहरूको शैक्षिक सत्र वि.सं. २०७५ देखि २०७७ सालसम्मको नतिजालाई गैर गुरुङ विद्यार्थीसँग तुलना गरि विश्लेषण गरिएको छ । गुरुङ विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको खोजी गर्ने र शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरूको खोजी गर्ने कुरामा जोड दिइएको छ । विद्यालयमा अध्ययनरत गुरुङ विद्यार्थी, शिक्षक, अभिभावकहरूमा यो अध्ययनलाई सिमित गरियो । यो अध्ययन प्राथमिक तहमा अध्ययनरत गुरुङ विद्यार्थीमा सिमित छ ।

## १.६ अध्ययनको सांगठनिक ढाँचा

प्रस्तुत अनुसन्धानलाई जम्मा पाँच वटा अध्यायमा वर्गीकरण गरिएको छ । पहिलो अध्याय परिचयको अध्याय रहेको छ जस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको महत्व, अध्ययनका सीमाहरूको रहेका छन् भने अध्याय दुई अन्तर्गत सन्दर्भ साहित्यको समिक्षा राखिएको छ जस अन्तर्गत सैद्धान्तिक समीक्षा र पूर्व अध्ययन गरिएका सन्दर्भ सामग्रीहरूलाई समेटिएको छ ।

यस्तैगरी अध्याय तिनमा अनुसन्धान विधि राखिएको छ जस अन्तर्गत अध्ययन क्षेत्रको परिचय, अनुसन्धान ढाँचा, नमूना छनौट विधि, तथ्याङ्कको प्रकृति र स्रोत, प्राथमिक तथा द्वितीय तथ्याङ्क सङ्कलन गर्ने विधिहरू, तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरणलाई समेटिएको छ ।

यस्तैगरी अध्याय चारमा तथ्यांक व्याख्या र विश्लेषण गरिएको छ भने अन्तिम अध्याय पाँच अध्ययनको सारांश, निष्कर्ष र सुझावलाई समेटिएको छ ।

# अध्याय–दुई

# सन्दर्भ साहित्यको समिक्षा

कुनैपनि समस्याको समाधान गर्न गरिने अध्ययनको लागि त्यस विषय वा समस्यासँग मेलखाने सिद्धान्त, सम्बन्धित साहित्य, लेखरचना तथा अनुसन्धान प्रतिवेदनहरूको पुन : अध्ययन गर्नुपर्दछ । यसले समस्या समाधानका लागि के-कस्ता विकल्पको खोजी भइरहेको छ भन्ने सम्बन्धमा यथार्थ जानकारी दिन्छ । शोधकर्तालाई खोजी हुन बाँकी समस्याको बारेमा अध्ययनलाई केन्द्रित बनाउने अवसर प्रदान गर्दछ । एउटै विषय वा समस्यामा खोजीकार्य दोहोरिन नदिइ नयाँ नयाँ विषयमा खोज अनुसन्धान गर्नका लागि शोधकर्ताले सम्बन्धित सिद्धान्त तथा पूर्वसाहित्यको अध्ययन गर्नु आवश्यक हुन्छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान कार्यलाई पूर्णता दिनको लागि अध्ययन विषय वा सोसँग मिल्दाजुल्दा विषयहरूमा हालसम्म भए गरेका कार्यहरू, सम्बन्धित व्यक्तिका लेख, रचना, सोधकार्य, कार्यपत्र आदि प्रकाशित तथा अप्रकाशित कृतिहरूको पुनरावलोकन गर्नु जरुरी हुन्छ । यसबाट अध्ययन कार्यमा हालसम्म भएका प्रयासहरूबारे तुलनात्मक अध्ययन गरी तथ्य पत्ता लगाउन र निष्कर्षमा पुग्न सहयोग पुग्दछ । यहाँ नेपालको सन्दर्भमा र अध्ययन गर्ने विषयका प्रकृतिसँग मिल्ने खालका हालसम्म भएका विभिन्न प्रयासहरूबारे चर्चा गरिन्छ ।

शर्मा एण्ड शर्मा (२०६४) का अनुसार प्राचिन मानव सभ्यताको समयमा पनि सामाजिक विभेदिकरणको अस्तित्व रहेको थियो । व्यक्तिगत योग्यता, क्षमता, कार्य दक्षता, निपूर्णता, असक्षमता, विद्वता, शक्ति सम्पन्नता तथा विपन्नता, जातीयता, पेशा, व्यवसाय आदि विविध कारणले गर्दा समाजमा सामाजिक असमानताको खाडल र पहुँच दह्रो रूपमा रहेको पाइन्छ । सामाजिक विभेदिकरणका बारेमा प्राचिन समयदेखि नै विभिन्न दार्शनिक तथा समाजशास्त्रीहरूले आफ्ना विचार वा चिन्तनहरू प्रस्तुत गर्दै आएका छन् । त्यस समयका सामाजिक, राजनैतिक तथा आर्थिक परिवेशका आधारमा समाज सञ्चालनका लागि यस प्रकारका चिन्तनहरू तथा सिद्धान्तहरू प्रस्तुत हुँदै आएका छन् । ग्रिसेली प्रसिद्ध विद्वान प्लेटोले आदर्श राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने, कामको

बाँडफाँड गर्ने तथा अनुशासन कायम गर्ने चिन्तन प्रस्तुत गरेका छन् । प्लेटोका यी चिन्तनहरूबाटै सामाजिक विभेदिकरणको चिन्तन प्रादुर्भाव भएको हो । उनका चिन्तनमा अवसरको समानता, निजी सम्पत्तिको उन्मूलन र साझा कल्याणकारी समाजको निर्माण रहेको छ ।

शर्मा (२०६२) का अनुसार मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २६ मा लेखिएको छ : प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । प्रारम्भिक शिक्षा निःशुल्क र अनिवार्य  हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्च स्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ । मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो बनाउनेतर्फ शिक्षाको प्रसार गरिने छ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूका बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराईने छ र शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्रसंघका प्रयत्नहरूलाई बढाइने छ । छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमाबाबुलाई हुनेछ  ।

काफ्ले, सिन्हा र श्रेष्ठ, (२०६०) का अनुसार सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको सम्मेलनले सन् २००० सम्म "सबैका लागि शिक्षा" भन्ने घोषणापत्र जारी गऱ्यो । यस सम्मेलनले सुविधाजनक समूहका साथै असुविधाजनक समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो । त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि साऱ्यो । सन् २००० सम्ममा उल्लेखनीयन उपलब्धी हासिल नभएपछि पुन : अप्रिल २६-२८ सन् २००० मा विश्व शिक्षामञ्चले "सबैका लागि शिक्षा"मा पुन : प्रतिवद्धता जाहेर गऱ्यो । त्यसैअनुरूप सन् २०००-२००५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको  तत्कालीन रणनीति, सन् २००५-२०१२ सम्म मध्यकालीन रणनीति र सन् १०१२-२०१५ लाई दीर्घकालीन रणनीति निर्धारण गरी सन् २०१५ सम्म विश्वका सबै मुलुकमा रहेका बालबालिकाहरू खासगरी पिछडिएका, सुविधाविहिन र द्वन्द्वमा रहेका बालबालिकाहरूलाई

प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने प्रतिवद्धतास्वरूप हरेका मुलुकमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भइरहेका छन् ।

ढकाल, (२०६६) ले घरपरिवारको गरिबी, जातिगत अन्धविश्वास, अशिक्षित र निरक्षर अभिभावक, पारिवारिक जिम्मेवारी सम्हाल्नुपर्ने बाध्यता, माथिल्लो जातिबाट हुने हेलाले गर्दा कुमाल बालबालिकाको विद्यालय सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनका अनुसार कुमाल बालबालिकाहरूको विद्यालय सहभागिता बढाउन कुमाल जातिको आर्थिक पक्षमा टेवा पुऱ्याउनुपर्ने खालका कार्यक्रम संचालन गर्नुपर्ने, कुमाल विद्यार्थीको सम्पूर्ण खर्च धानिन सक्ने गरी अनिवार्य छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने, घरदैलो अभियान संचालन गरी उनीहरूका बालबालिकालाई विद्यालयमा सहभागी गराउन उत्प्रेरित गर्नुपर्ने, विद्यालयमा अभिभावक संम्मेलन गरी अभिभावकहरूसँग अन्तर्क्रिया गर्नुपर्ने, सानो प्रगति गर्दा पनि पुरस्कार दिएर प्रोत्साहित गर्नुपर्ने, आदि उपाय प्रस्तुत गरेका छन् ।

भट्टराई (२०६६) ले गरेको अध्ययनमा अभिभावकहरू कृषि पेशामा संम्लग्न भएकाले घरयासी कामकाजमा छोराछोरी संलग्न हुनुपर्ने, आवश्यक कापी कलम किन्न नसक्ने, सानै उमेरमा विवाह, भाषिक कठिनाई आदि कारणले विद्यालयमा गुरुङ बालबालिकाहरूको सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनले विद्यालयमा गुरुङ जातिका बालबालिकाको शैक्षिक सहभागिता वृद्धि गराउन विद्यालयले छात्रवृत्ति, पोशाक, खाजाको सुविधा जस्ता प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने, समुदायमा पनि शैक्षिक जागरण फैलाउनुपर्ने, चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने उपाय प्रस्तुत गरेका छन् ।

शिक्षा विभाग (२०६२) का अनुसार प्राथमिक विद्यालयमा बालबालिकाको सहभागिता बढाउन र उनीहरूलाई टिकाइराख्न विद्यालयको वातावरणले बालबालिकालाई आकर्षण गर्नसक्नु पर्दछ । कक्षाकोठा रुचिपूर्ण हुनु, शिक्षकले उनीहरूप्रति गर्ने व्यवहार मैत्रीपूर्ण हुनु, बालमैत्री विद्यालय बनाइ उनीहरूको विद्यालयप्रति सकारात्मक भावना जगाउन सक्नु जस्ता कार्यले बालबालिकाको विद्यालय सहभागिता बढाउन सक्दछ ।

शैक्षिक उपलब्धी दर वृद्धि गर्न विभिन्न क्षेत्र र समय समयमा भए गरेका प्रयासहरूबाट पनि अध्ययन क्षेत्रको गुरुङ विद्यार्थीहरूको शैक्षिक अवस्था सुध्रन नसकेको परिप्रेक्षयमा प्राथमिक तहको गुरुङ बालबालिकाको शैक्षिक अवस्था" विषयक शीर्षक छनोट गरी अध्ययन कार्य गरिन लागेको हो । हाल सम्मका खोज अनुसन्धान तथा अन्य प्रयासहरूमा पनि पोखरा महानगरपालिकाको अन्तर्गतका गुरुङ विद्यार्थीहरूको शैक्षिक अवस्थाबारे खोजी गर्ने प्रयास नभएको हुँदा नै यस विषयमा अध्ययन अनुसन्धान गरी निष्कर्ष निकालेर सुझाव पेश गर्नु नै यो अध्ययनको प्रमुख केन्द्रविन्दु हो ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनको लागि कार्ल मार्क्सको वर्ग संघर्षको सिद्धान्तलाई इमाइल दुर्खाइमको सामाजिक वर्ग र शिक्षा शिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ ।

शर्मा, (२०६२) का अनुसार मार्क्सको धारणामा सम्पूर्ण पक्षहरूमा र सिङ्गो सामाजिक व्यवस्थाको रूपमा परिवर्तन ल्याउने आधार वर्गसंघर्ष हो । वर्गसंघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । समाजका यी परश्पर विरोधी वर्गहरूका बीचमा आफ्नो-आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ । यस अन्तर्गत शोषित वर्ग वा मजदुर वर्ग वा श्रमिक वर्ग र पुँजीपति, सामन्ती वा शोषक वर्गहरूबीच उत्पादन प्रक्रिया, उत्पादनको वितरण वा उत्पादनको उपभोगको सम्बन्धमा र उत्पादनका साधनहरूको स्वामित्वका सम्बन्धमा वर्गीय आधारमा सधैं सामाजिक द्वन्द्व हुने गर्छ । पुँजीपति वर्गले सधैं श्रमको शोषण गर्ने र वस्तुको अतिरिक्त मूल्यलाई श्रमिकहरूबाट अलग गरी आफूले मात्र उपभोग गर्ने गर्दछन् । यसले गर्दा श्रमजीवी वर्ग प्रभावित हुन्छ । यस प्रभावले श्रमिक वर्गमा चेतना विकास, संगठनको विकास हुँदै वर्गीय संघर्ष चर्कन्छ । यस प्रकार उत्पन्न भएको दुई वर्गबीचको संघर्ष क्रान्तिकारी र रक्तपातपूर्ण बन्न जान्छ । यसबाट सामाजिक सम्बन्ध, व्यवहार, उत्पादन प्रणाली तथा उत्पादनका साधनहरूमाथिको स्वामित्वमा परिवर्तन हुँदै सिङ्गो सामाजिक संरचनामा परिवर्तन आउँछ अर्थात् जब उत्पादनको तरीका, मान्यता र प्रक्रियामा परिवर्तन आउँछ तब सामाजिक संरचना भित्रका अन्य एकाई र उपएकाईहरूको कार्य प्रणालीमा परिवर्तन आउँछ यो नै संघर्षको सिद्धान्तअनुसारको परिवर्तन हो ।

यस सिद्धान्तअनुसार समाजमा शोषकका विरुद्ध शोषित, बलियाका विरुद्ध कमजोर वर्गबीच द्वन्द्व भइरहन्छ । द्वन्द्व एक स्वभाविक र सामान्य प्रक्रिया हो । समाजमा व्याप्त गरिबी, असन्तुलित अवस्था, बेरोजगार, कम उत्पादन, पुँजीको एकीकरण, शोषण आदिका कारण वर्गहरूको आपसी स्वार्थ पूरा गर्न संगठित र एकताबद्ध रूपको गुणात्मक पक्षमा वृद्धि हुन्छ । संसारमा पुँजीपति वर्ग न्यून हुन्छन् र सर्वहारा वर्गको संख्यात्मक गुणात्मक वृद्धि हुन्छ । यसले रक्तपातपूर्ण स्थिति पैदा गर्दछ र समाजवाद हुँदै साम्यवादमा फड्को मार्दछ । साम्यवाद भनेको वर्गविहिन अन्तर्राष्ट्रियवादको निर्माण हो । यस अवस्थामा समाजका सामाजिक प्रचलन मान्यता व्यवहार, सम्बन्ध तथा सिङ्गो उत्पादन प्रणालीमा परिवर्तन आउँछ र नयाँ सामाजिक सम्बन्धको स्थापना हुन्छ ।

मार्क्सले भनेझैँ सामाजिक परिवर्तनका प्रक्रियाबाट हुने परिवर्तन होस् या त दुई वर्गबीचको द्वन्द्वबाट हुने परिवर्तन होस् गुरुङ जाति पनि यस प्रक्रियाभन्दा फरक रहेको छैन । यस अर्थमा मार्क्सको विश्लेषणअनुसार गुरुङ बालबालिकाहरूको आर्थिक स्थितिको कारणले उनीहरूको अध्ययनलाई पार्ने प्रभावबारे यो अध्ययनले विश्लेषण गर्ने प्रयास गरेको छ ।

आचार्य, (२०६२) का अनुसार दुर्खाइमको धारणामा शिक्षा एक सामाजिक वस्तु हो शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्ना आदर्शका रूपमा ग्रहण गर्दछ । शिक्षाले समाजको विकासमा निरन्तर योगदान पुऱ्याउँछ । समाजले शिक्षाका प्रकारहरू निर्धारण गर्दछ र शिक्षाले सामाजिक आवश्यकताहरूको पूर्ति गर्दछ । उनको विचारमा शिक्षा समाजबाट अलग र समाज शिक्षाबाट अलग रहन सक्दैन । समाजका प्रत्येक व्यक्तिहरूमा साझा गुणहरू विद्यमान हुन्छन् । यस्ता साझा गुणहरूले उनीहरूमा समानता ल्याउँछ र सामाजिक दायित्वको बोध हुन्छ । सामाजिक दायित्व शिक्षाले ग्रहण गर्दछ र यसलाई सामुहिक संस्थाका रूपमा विकसित गरिन्छ । यसरी शिक्षाले समाजका आवश्यकताहरू पूर्ति गर्दछ । सामाजिक विकासमा योगदान पुऱ्याउँछ । शिक्षा पूर्णतया सामाजिक प्रक्रिया हो । यसको छुट्टै चिनारी नै छैन । समाजको रूचि, माग, आदर्श, मूल्य र संस्कारसँगै शिक्षा अघि बढ्दछ । व्यक्ति र समाजको आधारमा नै शिक्षाको अस्तित्व सम्भव हुन्छ । समाजको सामुहिकपन, सामुहिक चेतना र सामुहिक प्रतिनिधित्वजस्ता सिद्धान्तहरूको प्रतिपादन गरी दुर्खाइमले शिक्षाका समाजशास्त्रीय विकासमा योगदान पुऱ्याए ।

दुर्खाइमकाअनुसार जसरी व्यक्ति क्रियाकलापहरूको सञ्चालनका लागि क्रियाशील हुनुपर्दछ त्यसरी नै सामाजिक क्रियाकलाप सञ्चालनका लागि समाजको प्रणाली क्रियाशील हुनुपर्दछ । समाजमा जीवित र क्रियाशील रहनका लागि सामाजिक, सांस्कृतिक मूल्य मान्यताहरू प्रणालीका रूपमा चल्नु पर्दछ । सबै समाजको वातावरण एकै प्रकारको नहुन सक्छ । एउटा वातावरणको प्रणाली अर्को वातावरणमा लागू नहुन सक्छ । अतः अलग-अलग समाज, जुन समाज जुन प्रणालीमा सञ्चालित छ त्यही प्रणालीका आधारमा त्यो समाज र सामाजिक क्रियाकलापहरूको व्याख्या र विश्लेषण गरिनुपर्दछ भन्ने धारणा उनले कार्यगत सिद्धान्तहरूमा उल्लेख गरेका छन् । उनका अनुसार एउटा समाजमा जति धेरै सामाजिक तत्व र स्वरूपहरू हुन्छन् त्यति नै शिक्षाका प्रकार हुन्छन् भन्दै समाजमा भइरहने परिवर्तनअनुसार शैक्षिक प्रक्रियामा पनि परिवर्तन भइरहनुपर्दछ र समाजको प्रत्येक अंशले सिर्जना गरेका आदर्शहरूलाई अर्थ दिन र संरक्षण गर्ने काम शिक्षाले गर्नुपर्छ भनेका छन् । उनी भन्छन् : सामाजिक ऐक्येवद्धता खोजेका विद्यालयबाटै जातिय छुवाछुत, भाषिक थिचोमिचो, संस्कारको दबदबा र धनको दबदबा स्वीकार्ने संस्कार ब्यूँताइदिन्छ दुर्खाइमको  यस सिद्धान्तलाई मनन गर्दा नेपालमा खस भाषा र हिन्दू संस्कृतिको दबदबाले आफ्नो छुट्टै भाषा र संस्कृति भएको गुरुङ विद्यार्थीहरूको सिकाइ उपलब्धीमा बाधा पर्न गएको छ । यसले गर्दा उनीहरूले राम्रोसँग सिक्न र प्रतिस्पर्धा गर्न सक्दैनन् । यस्तो अवस्थामा शिक्षामा समान अवसर भन्ने अवधारणा सही रूपमा लागू हुन सकेको छैन ।

माथि उल्लेखित मार्क्स (सन् १९४८) को दृष्टिकोण र  दुर्खाइम (सन् १८५८) को दृष्टिकोणले प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक उपलब्धिमा वातावरणको प्रभाव अध्ययन गर्न मद्दत पुऱ्याउने हुनाले यो अध्ययनलाई तिनीहरूकै सोंचसँग गाँसिएको छ ।

## २.३ शैक्षिक उपादेयता

अध्ययन गरिएका सम्बन्धित साहित्य र सिद्धान्तहरूको अध्ययनलाई मार्ग दर्शन गर्ने काम गरेको छ । अध्ययनलाई निश्चित सिद्धान्तमा रहेर अगाडी बढ्न सहयोग पुऱ्याएको छ । अध्ययनलाई उद्देश्यमुखी बनाईइ विषयन्तर हुनबाट जोगाउने काम गरेको छ । शोधलाई निश्चित विषयवस्तुमा रहेर निश्चित संरचना तयार गर्न मद्धत पुऱ्याएको छ ।

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूजस्तै विद्यालयका गतिविधिहरू, पारिवारिक अवस्थाहरू, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक तत्वहरूले प्रभाव पारेको हुन्छ । बालबालिकाको सर्वाङ्गिण विकास गराउनको लागि विभिन्न तत्वहरूसँग सामन्जस्य गराई शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न गर्न सकेमा निश्चित रूपले आशा अनुरूपको सिकाइ उपलब्धि प्राप्त हुन्छ । उक्त शैक्षिक तथा सैद्धान्तिक खाकाबाट शोधकर्तालाई सहयोग प्राप्त हुन पुगेको छ ।

# अध्याय : तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

गण्डकी प्रदेशको पूर्वी क्षेत्रका लमजुङ, तनहुँ र गोर्खाका साथै कास्की जिल्लाकै पूर्वी क्षेत्रका बासिन्दाहरू पोखरा बसोबास गर्न आउने क्रममा प्राय गरी पोखरा महानगरपालिकाको १३ नम्बर वडाको सेरोफेरोमा आफ्नो बासस्थान बनाउँदै गरेका र सोही कारण पोखरा- १३ बाभ्रापाटन स्थित श्री भद्रकाली माध्यमिक विद्यालयमा आफ्ना बालबच्चाहरू भर्ना गर्ने चलनअनुसार श्री भद्रकाली माध्यमिक विद्यालयको प्राथमिक तहमा गुरुङ बालबालिकाहरूको संख्या अत्याधिक रहेकोले यो शोधकार्यको लागि श्री भद्रकाली माध्यमिक विद्यालयलाई छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान निश्चित ढाँचामा तयार गरिएको हुन्छ । यो अनुसन्धान वर्णनात्मक र व्याख्यात्मक ढाँचामा तयार गरिएको छ ।

## ३.३ जनसंख्या र छलफल विधि

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय दुवै खालका सूचनाहरू समावेश गरिएको छ । प्राथमिक सूचनाहरू खासगरी विद्यालयका विद्यार्थीहरू, तिनीहरूका अभिभावकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, विद्यालयका प्राचार्य आदिबाट सङ्कलन गरिएको छ भने द्वितीय तथ्यांकहरू विद्यालयको लेखाशाखा र प्रशासन शाखाबाट सङ्कलन गरिएको छ । विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित विविध कागजात, शिक्षासँग सम्बन्धित प्रदेश र स्थानीय तहका कारणीय र संस्थाहरूबाट पनि आवश्यक पर्ने तथ्यांकलाई द्वितीय सामाग्रीको रूपमा सङ्कलन गरिएको छ । समग्रमा यो शोधकार्य द्वितीय तथ्यांक बढी केन्द्रित रहेको छ । उद्देश्यात्मक नमुना छनौट विधिको आधारमा कास्की जिल्लाको पोखरा महानगरपालिकाको वडा नं. १३ को बाभ्रापाटन क्षेत्रमा अवस्थित सामुदायिक विद्यालय श्री भद्रकाली माध्यमिक विद्यालयका कक्षा एक देखि पाँचसम्मका

छात्रछात्रालाई छनौट गरिएको छ । अध्ययनको उद्देश्यअनुरूप प्रस्तुत शोधमा प्राथमिक तहका गुरुङ बालबालिकालाई अध्ययनमा समेट्ने प्रयास गरिएको छ ।

गुरुङ विद्यार्थीको बाहुल्यता रहेको यो क्षेत्रको भद्रकाली सामुदायिक माध्यमिक विद्यालयको प्रा.वि. तहलाई छनोट गरी वि.सं. २०७५ -२०७७ सम्मको नतिजालाई अध्ययनकार्यको आधार मानिएको छ । अनुसन्धानका क्रममा तिन शैक्षिक वर्षको अवस्था मुल्यांकन गर्दा कक्षा एक देखि पाँच सम्मका गुरुङ र गैर गुरुङहरूलाई तुलनात्मक अध्ययनमा सहभागी गराइएको छ । विद्यार्थी क्रियाकलाप अवलोकन गर्नका लागि गुरुङ गैरगुरुङ भएका प्रा.वि.का एक देखि पाँच कक्षालाई छानिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

अध्ययन कार्य पुरा गर्न तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतहरू प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदिबाट अन्तरवार्ता, छलफल विधि, आदिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोतका रूपमा सम्बन्धित विद्यालय, स्रोतकेन्द्र, जिल्ला शिक्षा समन्वय इकाई कार्यालय, शिक्षा विभाग, विद्यालयको लेखाशाखा, प्रशासन शाखा, शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क अभिलेखलाई आवश्यकताअनुसार उपयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरू

(क) विद्यार्थी अभिलेख फारम : विद्यालयमा अध्ययन गर्ने २०७७ र गैर गुरुङ विद्यार्थीहरूको शैक्षिक अवस्था के कस्तो रहेको छ भनी तथ्याङ्क सङ्कलन गर्नको लागि प्रयोग गरियो । प्राथमिक विद्यालयमा अध्ययन गर्ने गुरुङ विद्यार्थीको संख्या, लिङ्ग, उनीहरूको उपस्थिति जस्ता तथ्याङ्क सङ्कलन गर्न यस फारमको निर्माण गरिएको छ ।

(ख) रुजुसूची : विद्यार्थीका शैक्षिक अवस्था पत्ता लगाउन विद्यालयमा हुने गरेको शैक्षिक क्रियाकलापका साथै अन्य क्रियाकलापमा गुरुङ विद्यार्थीहरूको शैक्षिक व्यवहारको

अवलोकन गर्न प्रयोग गरियो तथा कृयाकलापहरूको अवलोकन गरी सूचना सङ्कलन गर्नका लागि प्रयोग गरिएको छ ।

(ग) अन्तर्वार्ता/छलफल : गुरुङ विद्यार्थीका शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउन र शैक्षिक उपलब्धि बृद्धि गर्ने उपाय पहिल्याउन शिक्षक, विद्यार्थी, अभिभावक, स्रोत व्यक्ति, प्र.अ. लाई अर्न्तवार्ता छलफल गरियो । गुरुङ तथा गैर गुरुङ विद्यार्थी बीचको तुलनात्मक अध्ययनका लागि छानिएको जनसंख्यालाई प्रश्नावली वितरण गरी जानकारी प्राप्त गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि छनौटमा परेका विद्यालय, प्र.अ., वि.व्य.स., शिक्षक, अभिभावक, विद्यार्थीसँग अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गइ तथ्याङ्क सङ्कलनको लागि बनाइएका साधनहरू प्रयोग गरी अन्तर्वार्ता प्रश्नावली भर्ने, अवलोकन गर्ने, रूजु सूची भर्ने, अभिलेख फारम भरी आवश्यक तथ्याङ्क सङ्कलन गरियो । प्राप्त तथ्याङ्कहरूलाई अध्ययनकर्ताले गरेको अध्ययनहरूका साथै विविध लेखरचनालाई एकत्रित गरी अर्थ्याइएको छ । प्राप्त तथ्याङ्कलाई अध्ययनको वैचारिक खाँकाअन्तर्गत कार्लमार्क्सको सामाजिक वर्गसङ्घर्षको सिद्धान्त र इमाइल दुर्खिमको सामाजिक वर्ग र शिक्षा सिद्धान्तको चिन्तनसँग सम्बद्ध गरी प्रष्ट्याइएको छ । प्राप्त जानकारीलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरियो ।

# अध्याय : चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

अनुसन्धानका लागि प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न अध्ययनलाई निम्नानुसार शीर्षकमा राखी व्याख्या विश्लेषण गरिएको छ ।

विद्यालयको प्रा.वि. तहको शैक्षिक उपलब्धिमा प्रभाव अध्ययन गरी गुरुङ र गैर गुरुङ बालबालिकाको शैक्षिक अवस्था, बालबालिकाको शैक्षिक उपलबिधमा प्रभमाव पार्ने तत्वहरू तथा बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू पत्ता लगाउनु यस अध्ययनको उद्देश्य हो । उक्त उद्देश्य पूरा गर्नको लागि छनौटमा परेका कास्की जिल्लाको पोखरा महानगरपालिकाको वडा नं. १३ को बाभ्फापाटन क्षेत्रमा अवस्थित सामुदायिक विद्यालय भद्रकाली माध्यमिक विद्यालयका प्र.अ., स्रोतव्यक्ति, शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्षहरूबाट अन्तरवार्ताको माध्यमबाट संकलित जानकारीलाई विभिन्न शीर्षकहरूमा राखी व्याख्या र विश्लेषण गरिएको छ :

४.१ अध्ययन क्षेत्रको परिचय

४.२ प्राथमिक तहका गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था

४.३ बालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

४.४ बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू

## ४.१ अध्ययन क्षेत्रको परिचय

पोखरा नेपालको गण्डकी प्रदेश स्थित कास्की जिल्लामा रहेको महानगरपालिका हो । वि सं. २०५२ माघ १८ गते पहिलो पल्ट उपमहानगरपालिका घोषित पोखरालाई सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वि.सं. २०७३ फाल्गुन २७ गते महानगरपालिका घोषणा गरेको हो । यस महानगरपालिकाको क्षेत्रफल ४६४.२४ वर्ग कि.मी. रहेको छ भने कुल जनसङ्ख्या ४,१४,१४१ रहेको छ । महानगरपालिकाको केन्द्र साबिक पोखरा उपमहानगरपालिका कार्यालय नै रहेको छ पोखरा महानगरपालिकाको निर्माण तत्कालीन पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका तथा तत्कालीन केहि गाउँ बिकास

समिति र केहि गाउपालिकाका वडाहरू मिलेर बनेको छ जसमा मौजा, चापाकोट, भदौरे तामागीको केहि वडाहरू ९,३९० वडाहरू, कास्कीकोट, माझठानाको ९१,४,९० वडाहरू कालिकाको ९१,५० वडाहरू र पुरन्चौर गाउँ विकास समिति मिलि कुल ३३ वटा वडामा विभाजित छ । पोखरा महानगरपालिकाको पूर्वी सिमानामा मादी गाउँपालिका र रूपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा जिल्ला रहेको छ उत्तरी सिमानामा माछापुच्छ्रे गाउँपालिका र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला रहेको छ । पोखरा महानगरपालिका पोखरा उपत्यकामा अवस्थित नेपालको अत्यन्तै रमणीय स्थानको रूपमा परिचित छ । पोखरा शहर नेपालको ठूलो सहर हो । त्यसैले पोखरालाई नेपालको एक महत्वपूर्ण पर्यटकीय स्थलको रूपमा पनि लिने गरिन्छ । यहाँका महत्वपूर्ण स्थानहरूमा फेवा ताल, महेन्द्र गुफा, पातले छाँगो, सराङकोट आदि पर्द्छन । पोखरा नेपालको गोर्खा प्रदेशको कास्की जिल्लामा पर्दछ । यो सहर कास्की जिल्लाको जिल्ला सदरमुकामका साथै गोर्खा प्रदेशको पनि सदरमुकाम हो । पोखरा सहर नेपालको प्रमुख सहरमध्ये एक हो । पोखरा नेपालको प्रमुख पर्यटकीय गन्तव्य स्थलमध्ये पर्दछ । देश अनि बिदेशबाट हजारौं पर्यटक पोखरा भ्रमण गर्न आउने गर्दछन् ।

## भूगोल

पोखरा महानगरपालिका पोखरा उपत्यकाको उत्तर पूर्वी क'नामा अवस्थित छ । धौलागिरि, अन्नपूर्ण र मनास्लु शृङ्खला, ८००० मिटर भन्दा अग्ला हिमालहरू पनि यहाँबाट देख्न सकिन्छ । फेवातालले पोखराको सौन्दर्य अझै बढाएको छ । पोखरा नेपालकै सबैभन्दा धेरै पानी पर्ने ठाउँ पनि  हो । यहाँका पाताले छाँगो, महेन्द्र गुफा र गुप्तेश्वर गुफा पनि पर्यटकीय स्थल हुन् । माछापुच्छ्रे हिमालको मनोरम दृष्य पनि पोखराबाट देखिन्छ । सराङ्कोट पनि पर्यटकीय गन्तव्य रूपमा रहेको छ जहाँबाट सूर्योदय तथा सूर्यास्तको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ साथै फेवाताल, सेतो गुम्बा, अन्नपूर्ण हिमशृङ्खलाको मनोरम दृश्यपनि यहाँबाट गर्न सकिन्छ । त्यस्तै यस स्थानको एतिहासिक महत्व र उत्पतिको समेत महत्व रहेको छ वर्तमान नेपाल एकीकरण हुनु अगाडि पोखरा कास्की राज्यअन्तर्गत थियो । ऐतिहासिक कास्कीकोट उपत्यकाको उत्तरी छेउमा रहेको छ । पृथ्वी नारायण शाहका माहिला छोरा नायव बहादुर शाहको समयमा पोखरा उपत्यका बर्तमान नेपालमा मिलाईएको हो भन्ने कुरा इतिहासमा अध्ययन गर्न पाइन्छ ।

पोखरा महानगरपालिकाको जनसङ्ख्या ४,१४,१४१ छ । ५ दशमलव ४६ प्रतिशत जनसङ्ख्या वृद्धि रहेको यहाँको वृद्धिदर नेपालकै सबै भन्दा सर्वाधिकमध्ये पर्छ । सन् २०११ को तथ्याङ्कअनुसार यहाँ बाहुन २२ दशमलव ८३ प्रतिशत, गुरुङ २१ दशमलव ६२ प्रतिशत, मगर ८ दशमलव २० प्रतिशत, क्षेत्री १५ दशमलव ३५, दलित ८ दशमलव ७१ प्रतिशत रहेको छ । यहाँ नेवार, मुसलमान, तामाङ, थकाली आदि जनजाति बस्छन् । परम्परागत पेसा व्यवसायका अलावा बाहिर काम गरेर आएका मानिस र लाहुरेको बसोबास बढी भएको पोखरालाई नेपालकै महङ्गो सहर पनि भनिन्छ । जनसंख्याको हिसाबले दोश्रो महत्व पूर्ण स्थानमा रहेको गुरुङ जातीको स्थान छ तर यथार्थमा यो जातीको शैक्षिक अवस्था असाध्यै दयनिय नै छ, लाहुरे हुनका लागी अलि अलि अध्ययन गरेपछि अर्कैको देशको लागी शारीरिक कसरत गर्ने युवाहरू बास्तबमा आफ्नो जीबनको उर्जाशील समयलाई वैदेशिक रोजगारीमा नै बिताएको येथार्थमा बालबालिका हुदा देखिने शिक्षा मा लगाउने उर्जा किन गरेनन् होला, परिवारका मुख्य व्यक्ति समेत बाहिरी देशमा नै लाहुरे हुने मनोदशाबाट ग्रसित देखिन्छ ।

हाम्रो देशको औपचारिक शिक्षाको संरचनामा कक्षा १ देखि ५ सम्मको शिक्षालाई प्राथमिक तह मानिएको छ । ५ देखि ९ वर्ष उमेर समूहका बालबालिकाहरूलाई प्राथमिक शिक्षा उमेरका बालबालिका भनिन्छ । नेपालमा प्राथमिक तहमा सहजै देखिने भर्नादर ११८.४ र खुद भर्नादर ८२.४ रहेको छ । भर्ना दर जति भए पनि राज्यले कुनै पनि बालबालिका शिक्षाबाट बञ्चित नहोस् भनेर अभिभावकत्व लिने प्रचलन पनि सुरु गरकाे अवस्था छ । यसबाट पनि बालबालिकालाई विद्यालय जान प्रेरित गरेको छ, भर्ना  दर बढेको छ जसअनुसार केटाहरूमा ४२% मात्र भर्नादर रहेको छ । यसरी अझै पनि ३१.५% केटाकेटीहरू प्राथमिक शिक्षा प्राप्त गर्नबाट बञ्चित भएको पाइन्छ (सेरिड, २००१) ।

यस अध्ययनमा प्राथमिक तहमा गुरुङ विद्यार्थीको सहभागिता के कति छ भनि लेखाजोखा गर्नुका साथै विद्यालयका प्राथमिक तहका जम्मा विद्यार्थी, गुरुङ तथा गैर गुरुङ विद्यार्थीको विद्यालयमा उपस्थितिदर, कक्षाकोठा क्रियाकलाप, गुरुङ तथा गैर गुरुङ विद्यार्थीको शिक्षामा संलग्नता, विद्यालयका शिक्षक र गैर गुरुङ विद्यार्थीले गुरुङ विद्यार्थीप्रति गर्ने व्यवहार, शैक्षिक दृष्टिकोण, गुरुङ बालबालिकाको शिक्षामा सहभागिता सम्बन्धी समस्याहरू तथा समस्या समाधानका उपायहरू पत्ता लगाउन शिक्षक, गुरुङ तथा गैर गुरुङ विद्यार्थी,

वि.व्य.स., गुरुङ विद्यार्थीका अभिभावकहरूलाई खुल्ला अन्तर्वार्ताको माध्यमबाट उनीहरूले दिएका जानकारी तथा अभिलेखहरूलाई विश्लेषण तथा व्याख्या गरिएको छ । साथै गुरुङ तथा गैर गुरुङ विद्यार्थीहरूको शैक्षिक उपलब्धि पत्ता लगाउन २०७५ देखि २०७७ सालसम्मको प्राथमिक तहको नतिजा विश्लेषण गरिएको छ ।

भद्रकाली माध्यमिक विद्यालय आफैमा सम्पन्न विद्यालय हो शैक्षिक हिसाबले अब्बल यो बिधालयले अंग्रेजी र नेपाली माध्यमबाट अध्यापन गराउदै आएको छ, पोखराको केन्द्र भागमा रहेर पनि यो विद्यालयले शैक्षिक प्रगतिको लागी आफुले गर्न सक्ने सबै कार्य गरेको देखिन्छ, विद्यालयको नजिक निजिस्तरबाट सञ्चालित विद्यालयहरू पनि रहेका छन् तर पनि अभिभाबकहरूको रोजाइ भने यो विद्यालय रहेको छ, यहा सबै भाषाका बालबालिकाहरूको संगम स्थल रहेको देखिन्छ ।

## ४.२ गुरुङ बालबालिकाको शैक्षिक अवस्था

यस अध्ययनका लागि संकलित तथ्याङ्कलाई गुरुङ र गैर गुरुङ बारेमा छुट्याई तुलना गरी गुरुङ बालकालिकाहरूको शैक्षिक अवस्थालाई व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ छनौट गरिएको विद्यालयको विद्यार्थीको विवरण

करिब २१ प्रतिशत गुरुङ जातीको बसोबास रहेको पोखरा महानगरपालिकाको पनि खास गरि गुरुङ अलिक बढी भएको बाभ्रापाटन क्षेत्रको भद्रकाली विद्यालयको शैक्षिक अबस्थालाई अध्ययन गर्न खोजिएको छ । यहाँ छनौट गरिएका सामुदायिक विद्यालयको शैक्षिक सत्र २०७७ को विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ : भर्ना भएका विद्यार्थी विवरण**

| क्र.सं. | कक्षा | गुरुङ विद्यार्थी | गैर गुरुङ विद्यार्थी | जम्मा |
|---|---|---|---|---|
| १ | १ | ९ | ३८ | ४७ |
| २ | २ | ३ | ११ | १४ |
| ३ | ३ | ४ | ११ | १५ |
| ४ | ४ | २ | ७ | ९ |
| ५ | ५ | ३ | १३ | १६ |
| जम्मा | | **२१** | **८०** | **१०१** |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

विद्यालय आफैमा अंग्रेजी र नेपाली दुवै माध्यमबाट पढाइ हुने भएको अनि बजारको केन्द्रमा पनि भएको बाक्लो बस्तिका कारण पनि हरेक कक्षामा निकै विद्यार्थीहरू प्रत्येक बर्ष थपिने गरेको पाइन्छ यसबाट पनि अब बिस्तारै हरेक सरकारी स्कुलहरू जहाँ साधन स्रोतले अब्बल छन् त्यस्ता विद्यालयमा विद्यार्थी संख्या थपिने क्रम बढेको देखिन्छ यो विद्यालयमा शिशु कक्षा पनि रहेको छ शिशु कक्षा का कक्षा एक प्रवेश गर्नु भन्दा अगाडी तयारीको लागी विद्यार्थीहरू आउने गरेको पाइन्छ, माथिको तालिकाले हरेक बर्ष बिधार्थीहरू को विद्यालयमा प्रेसर छ भन्ने बुझ्न सकिन्छ, शिशु कक्षाबाट आएका विद्यार्थीले गर्दा कक्षा १ मा नया धेरै भर्ना हुदैनन् शिशु कक्षामा नै भर्ना हुने हुदा सङ्ख्या कम देखिएको हो ।

### ४.२.२ प्राथमिक उमेर समूहका गुरुङ बालबालिकाहरू

हरेक बालबालिकाको नैशर्गिक अधिकारको रूपमा लिइएको शिक्षालाई वर्तमान अवस्थामा सबैको पहुँचमा पुऱ्याउन राज्यले अनेक कोशिस गरेको छ, निशुल्क शिक्षा अनि ति बालबालिकालाई दैनिक खाजा, पोशाक, किताब कपि लगाएतका न्युनतम कुराहरूको व्यवस्थापन गर्दै सबैले शिक्षा लिने वातावरण बनाएको अवस्था छ । शिक्षा नियमावली २०४९ को आठौं संशोधन २०६३ ले नेपालमा प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाको उमेर ५-९ वर्षलाई भनेको छ । अध्ययन कार्यको सिलसिलामा सेवा क्षेत्र भित्र रहेका छनौटमा परेका विद्यालय क्षेत्र भित्रका ५ देखि ९ वर्षका जम्मा गुरुङ बालबालिका सङ्ख्या, त्यसमध्ये विद्यालय जाने नजाने बालबालिकाको संख्या ५ देखि ९ वर्ष माथिका तर विद्यालयमा अध्ययन गर्ने गुरुङ बालबालिकाको संख्या तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : प्राथमिक विद्यालय उमेरका गुरुङ बालबालिकाको स्थिति**

| विवरण | बालबालिकाहरू | | |
|---|---|---|---|
| | बालक | बलिका | जम्मा |
| ५ देखि ९ वर्ष उमेरका जम्मा | १२४ | १६५ | २८९ |
| ५ देखि ९ वर्षका विद्यालय नजाने | १५ | २७ | ४२ |
| ५ देखि ९ वर्षका विद्यालय जाने | १०९ | १३८ | २४७ |
| ९ वर्ष माथीका विद्यालय जाने | ५ | ६ | ११ |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

प्रस्तुत तालिकामा जम्मा केटाकेटी ३०० मध्ये विद्यालय जाने विद्यार्थी संख्या जम्मा २५९ जना देखिन्छन् जसमध्ये छात्र १२९ र छात्रा १७१ जना देखिन्छ । जसमध्ये ५ देखि ९ वर्षका विद्यालय जाने छात्र १०९ र छात्रा १३८ र ९ वर्ष माथिका छात्र ५ र छात्रा ६ गरी जम्मा ११ जना देखिन्छन् । यस तथ्याङ्कबाट के देखिन्छ भने ५ देखि ९ वर्ष उमेर समुहका ४२ जना केटाकेटी अर्थात् ७.३१% बालबालिकाहरू विद्यालय परिसरबाट बाहिरै रहेका कमछन् भने ९ वर्ष माथिका पनि ११ जना बालबालिका विद्यालयको पहुँच बाहिर रहेका छन् ।

गुरुङ समुदायको संस्कारिक मान्यताको हिसाबले छोरी समाजको लागी वा आफ्नो संस्कारको लागी असाध्यै महत्वपुर्ण मान्छन् छोरीलाई तर पनि अध्ययनको कार्यमा कम महत्व दिने चलन अहिले पनि कहिँकतै देखिन्छ, आफ्ना सामाजिक परम्परामा छोरी नभई नहुने हुन्छ छोराहरू बाहिर जान्छन पैसा कमाउँछन् भनेर पनि अलिक पढाईमा महत्व दिएको पाइन्छ तर संस्कारको हिसाब ले छोरी महत्वपूर्ण छन् । जसलाई सबै कार्यमा सँगै हुनुपर्नेछ त्यस्ताहरूको शैक्षिक कुरामा अलिक ध्यान जानुपर्ने हुन्छ । उनीहरू छोरासरह छोरीलाई पढाउनुपर्दछ भन्ने मान्यता अझै पनि राख्दैनन । त्यसैले दुर्खाइमले भनेजस्तै अभिभावकहरूमा रहेको चेतनाको कारण विद्यालयहरूमा छात्राहरूको संख्या कमी रहेको देखिन्छ । छोराछोरीको भेदभाव हटाउनको निम्ति चेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

### ४.२.३ अध्ययन क्षेत्रका प्राथमिक विद्यालयमा गुरुङ विद्यार्थीहरूको उत्तिर्ण संख्या विवरण

प्राथमिक विद्यालयमा भर्ना भएका गुरुङ र गैर गुरुङ विद्यार्थीहरू सबै उत्तीर्ण हुँदैनन् । केही विद्यार्थीहरूले मात्र कक्षा चढ्ने गरेका छन् । यो समस्या जहाँ पनि हुने गर्दछ । तर अहिले आएर निरन्तर मूल्याङ्कन प्रणालीद्वारा उदार कक्षोन्नति नीति अपनाएको पाइन्छ । यसले विद्यार्थीको उत्तिर्ण दर केही उच्च देखिएको छ ।

यस अगाडी अध्ययन सिमामा तोकिए बमोजिमका विद्यालयहरूको २०७५ देखि २०७७ सालसम्मको गुरुङ तथा गैर गुरुङ विद्यार्थीहरूको उत्तिर्ण अवस्था बारेमा प्राप्त तथ्याङ्कको आधारमा व्याख्या, विश्लेषण गरिएको छ ।

**तालिका ४.३ : २०७५सालमा उत्तिर्ण विद्यार्थी संख्या र प्रतिशत**

| कक्षा | विवरण | गुरुङ वि.सं. | उत्तीर्ण संख्या | प्रतिसत | गैर गुरुङ वि.सं. | उत्तीर्ण संख्या | प्रतिसत |
|---|---|---|---|---|---|---|---|
| १ | छात्र | ९ | ७ | ७७.७८ | २४ | २२ | ९१.६७ |
| | छात्रा | ४ | ३ | ७५ | २१ | १९ | ९०.४७ |
| | जम्मा | १३ | १० | ७६.९२ | ४५ | ४१ | ९१.१२ |
| २ | छात्र | ७ | ७ | १०० | १७ | १४ | ८२.३५ |
| | छात्रा | ४ | ४ | १०० | ९ | ७ | ७७.७८ |
| | जम्मा | ११ | ११ | १०० | २६ | २१ | ८०.७७ |
| ३ | छात्र | ७ | ७ | १०० | १३ | १२ | ९२.३० |
| | छात्रा | ६ | ६ | १०० | १७ | १३ | ७६.४७ |
| | जम्मा | १३ | १३ | १०० | ३० | २५ | ८३.३४ |
| ४ | छात्र | ३ | २ | ६६.६७ | १९ | १५ | ७८.९५ |
| | छात्रा | ६ | ६ | १०० | १० | १० | १०० |
| | जम्मा | ९ | ८ | ८८.८१ | २९ | २५ | ८६.२० |
| ५ | छात्र | ७ | ७ | १०० | १३ | ११ | ८४.६१ |
| | छात्रा | ६ | ६ | १०० | १६ | १६ | १०० |
| | जम्मा | १३ | १३ | १०० | २९ | २७ | ९३.१० |
| जम्मा | छात्र | ३३ | ३० | ९०.९१ | ८५ | ७४ | ८७.०५ |
| | छात्रा | २६ | २५ | ९६.२५ | ७४ | ६५ | ८७.८३ |
| | जम्मा | ५९ | ५५ | ९३.२२ | १५९ | १३९ | ८७.४२ |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

माथिको तालिका ४ मा भद्रकाली माध्यमिक विद्यालयको २०७५ सालको शैक्षिक अवस्थालाई हेर्दा कक्षा उत्तीर्ण गरेर माथिल्लो कक्षामा जाने विद्यार्थीहरूको विवरणलाई देखाइएको छ । जसमा गुरुङ र गैर गुरुङको संख्या र प्रतिशत हेर्दा कक्षा १ देखि ५ सम्म जम्मा ५९ जना गुरुङ रहेको जसमा ५५ जनाले माथिल्लो कक्षामा प्रवेश पाएको देखिन्छ प्रतिशतमा हेर्दा पास हुनेको संख्या ९३.२२ हुन आउछ भने गैर गुरुङको संख्या १५९ मा

१३९ मात्र माथिल्लो कक्षामा चढेको देखिन्छ, जुन प्रतिशतमा ८७.४२ मात्र हुन आउछ, यो तालिकाले २०७५ सालमा कक्षा उत्तीर्ण दर गुरुङ बिद्यार्थीको अन्य भन्दा धेरै देखाउँछ ।

विभिन्न कक्षाको तुलना गर्दा सबभन्दा बढी कक्षा ५ मा उत्तीर्ण भएका छन् भने सबैभन्दा कम कक्षा २ मा देखिन्छन् ।

अहिलेको अवस्था मा विद्यार्थीलाई कक्षा रोक्न वा दोहोऱ्याउने गरि अध्ययन गराउन न पाउने नीति भएको देखिन्छ तापनि शारीरिक रूपमा होस् वा कुनै न कुनै कारण ले विद्यालयमा नियमित नभएका विद्यार्थीहरूको फेल भएको देखिन्छ । मुख्यतया सबै बिधार्थीहरूको उत्तिर्ण दर राम्रो देखिन्छ । गुरुङ अभिभावकहरूको खासमा पढाइ प्रति चेतना नभएको होइन तर विद्यालय नियमित पठाउने भन्दा शरीर बलियो बनाउने अनि भोलि लाहुरे हुने मनोकांक्षाले ग्रसित देखिन्छ । गैर गुरुङ अभिभावहरू चेतनाको दृष्टिकोणले गुरुङ अभिभावकहरू भन्दा आफ्ना बच्चाहरूको पढाइप्रति विशेष ध्यान दिने गरेको देखिन्छ । जसको प्रत्यक्ष असर उनीहरूका बालबालिकामा परेको पाइन्छ । यस प्रकार दुर्खाइमले भनेझै चेतनाको कारण गुरुङ र गैर गुरुङको तुलना गर्दा सबै कक्षामा गुरुङ विद्यार्थीको तुलनामा गैर गुरुङ विद्यार्थीको उत्तीर्णदर बढी देखिन्छ । वि.सं. २०७६ सालको विद्यालयको गुरुङ तथा गैर गुरुङ विद्यार्थीहरूको कूल संख्या, उत्तीर्ण संख्या तथा उत्तीर्ण प्रतिशत तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.४ : २०७६ सालमा उत्तिर्ण हुने विद्यार्थी विवरण**

| कक्षा | विवरण | गुरुङ वि.सं. | उत्तीर्ण संख्या | प्रतिशत | गैर गुरुङ वि.सं. | उत्तिर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | छात्र | ७ | ७ | १०० | १९ | १५ | ७८. ४ |
| | छात्रा | ४ | ३ | ७५ | १५ | १३ | ८६.६७ |
| | जम्मा | ११ | १० | ९०.९० | ३४ | २८ | ८२.३५ |
| २ | छात्र | ५ | ४ | ८० | १७ | १४ | ८२.३५ |
| | छात्रा | ४ | ४ | १०० | १५ | १३ | ८६.६७ |
| | जम्मा | ९ | ८ | ८८.८९ | ३२ | २७ | ८४.३७ |
| ३ | छात्र | २ | २ | १०० | १३ | १० | ७६.९२ |
| | छात्रा | ४ | ४ | १०० | १८ | १७ | ९४.४५ |
| | जम्मा | ६ | ६ | १०० | ३१ | २७ | ८७.०९ |
| ४ | छात्र | ५ | ४ | ८० | १९ | १७ | ८९.४७ |
| | छात्रा | ३ | ३ | १०० | १८ | १५ | ८३.३४ |
| | जम्मा | ८ | ७ | ८७.५ | ३७ | ३२ | ८६.४९ |
| ५ | छात्र | ५ | ४ | ८० | १८ | १६ | ८८.८९ |
| | छात्रा | ६ | ६ | १०० | १६ | १४ | ८७.५ |
| | जम्मा | ११ | १० | ९०.९० | ३४ | ३० | ८८.२३ |
| जम्मा | छात्र | २४ | २१ | ८७.९० | ८६ | ७३ | ८४.८८ |
| | छात्रा | २१ | २० | ९५.२४ | ८२ | ७१ | ८६.५८ |
| | जम्मा | ४५ | ४१ | ९१.११ | १६८ | १४४ | ८५.७१ |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

प्रस्तुत तालिकामा हेर्दा अध्ययन क्षेत्रका विद्यालयको २०७६ सालको जम्मा गुरुङ विद्यार्थी संख्या ४५ रहेकोमा ४१ जना उत्तिर्ण भएका छन् । जसमा छात्र ८७.९०५ र छात्रा (९५.२४%) छ । माथिको तालिका मा कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने गुरुङ र अन्य जातिका विद्यार्थीहरूको २०७६ सालको शैक्षिक अवस्थालाई अध्ययन गरिएको छ । परिणाम के देखिन्छ भने विद्यालयको तथ्याङ्कमा फेल हुने केहि विद्यार्थीहरू देखिन्छन तर कतिपय विद्यार्थीहरू शैक्षिकसत्रको बिचमा नै अन्यत्र जाने विद्यालय छोड्ने गरेको कारण पनि फेल

हुनेको दर अन्य भन्दा बढी देखिएको छ राज्य को नीति नै हरेक अवस्थाको बच्चालाई सिधै उत्तिर्ण गर्ने माथि लाने नीति देखिन्छ तापनि कक्षागत रूपमा शिक्षाका राष्ट्रिय उद्देश्य पुरा भएको अवस्था तेस्ता विद्यार्थीहरूलाई माथिल्लो कक्षामा लाग्नु पर्ने अनिवार्य देखिन्छ र सोहि बमोजिम नै कक्षागत रूपमा गुरुङ होस् वा अन्य जातका अधिकांश विद्यार्थीहरू माथिल्लो कक्षामा गएको देखिन्छ वा भनौ माथिल्लो कक्षामा लागिएको पाइन्छ ।

कक्षागत रूपमा हेर्दा गैर गुरुङहरूमा पनि उत्तिर्ण दर पाइन्छ घटबढ देखिन्छ । समग्रमा २०७६ सालको नतिजा विश्लेषण गर्दा कक्षा १-५ सम्म नै गुरुङ विद्यार्थीको तुलनामा गैर गुरुङ विद्यार्थीको उत्तिर्णदर सबै कक्षाहरूमा बढी देखिन्छ । गुरुङहरू आर्थिक कारणले गर्दा आफ्ना बालबालिकालाई आवश्यक शैक्षिक सामग्री, अतिरिक्त पढ्ने वातावरणको व्यवस्था गर्न सक्दैनन् । जसले गर्दा मार्क्सले भनेझैं आर्थिक कारणले उनीहरूको पढाइलाई प्रत्यक्ष असर पुऱ्याइरहेको हुन्छ । यसबाट गैर गुरुङको भन्दा गुरुङको शैक्षिक उपलब्धि न्यून देखिन्छ र यसले कमजोर शैक्षिक अवस्थाको संकेत गर्दछ ।

माथिको तालिका अध्ययन गर्दा गुरुङ विद्यार्थीको तुलनामा गैर गुरुङ विद्यार्थीहरूको उत्तिर्ण कक्षा १-५ सम्म नै बढि देखिन्छ । समग्रमा १-५ कक्षासम्मको उत्तिर्ण प्रतिशत गुरुङ विद्यार्थीहरूको औषत ९१५ रहेको छ भने गैर गुरुङहरूको ८५.७५ रहेको छ ।

वि.सं. २०७७ सालको २०७७ सालको मुल्यांकन गर्दा तेस्रो त्रैमासिक परीक्षालाई आधार बनाएर निम्नानुसार मुल्यंकन गरिएको छ । विद्यालयको गुरुङ तथा गैर गुरुङ विद्यार्थीहरूको कूल संख्या र उत्तिर्ण संख्या तथा प्रतिशत निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.५ : २०७७ सालमा उत्तिर्ण हुने विद्यार्थी विवरण**

| कक्षा | विवरण | गुरुङ वि.सं. | उत्तीर्ण संख्या | प्रतिशत | गैर गुरुङ वि.सं. | उत्तिर्ण संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | छात्र | ३ | ३ | १०० | १९ | १९ | १०० |
| | छात्रा | ५ | ५ | १०० | २२ | २२ | १०० |
| | जम्मा | ८ | ८ | १०० | ४१ | ४१ | १०० |
| २ | छात्र | ४ | ३ | ७५ | १९ | १९ | १०० |
| | छात्रा | ४ | ४ | १०० | २६ | २६ | १०० |
| | जम्मा | ८ | ७ | ८७.५ | ४५ | ४५ | १०० |
| ३ | छात्र | ६ | ६ | १०० | १६ | १३ | ८१.२५ |
| | छात्रा | ५ | ४ | ८० | १५ | १२ | ८०.६५ |
| | जम्मा | ११ | १० | ९०. ९० | ३१ | २५ | ८०.६४ |
| ४ | छात्र | ५ | ५ | १०० | १६ | १५ | ९३.७५ |
| | छात्रा | ३ | ३ | १०० | १६ | १४ | ८७.५ |
| | जम्मा | ८ | ८ | १०० | ३२ | ३१ | ९०.६२ |
| ५ | छात्र | ३ | ३ | १०० | ११ | ११ | १०० |
| | छात्रा | ४ | ४ | १०० | १६ | १६ | १०० |
| | जम्मा | ७ | ७ | १०० | २७ | २७ | १०० |
| जम्मा | छात्र | २१ | २० | ९५.२३ | ८१ | ७७ | ९५.०६ |
| | छात्रा | २१ | २१ | १०० | ९५ | ९० | ९४.७३ |
| | जम्मा | ४२ | ४१ | १०० | १७६ | १६७ | ९४.८८ |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

माथिको तालीकामा २०७७ सालको शैक्षिक सत्र को अन्तिम परिक्षाफल लाइ मुल्यांकनको रूपमा राखिएको छैन तेश्रो त्रैमासिक परिक्षा लाइ मुल्यांकन को लागी राखिएको छ, यो बर्ष खासमा विद्यार्थीहरू विद्यालय नियमित हुन नसकेको अबस्था थियो, कोभिड जस्ता

खतरनाक भाइरसका कारण विद्यार्थीहरू नियमित हुन सकेन ता पनि उत्तीर्ण दर मा खासै फरक देखिदैन ।

माथिको तालीका हेर्दा गुरुङ विद्यार्थीहरू कक्षा १ कक्षा ३ र कक्षा ५ को तेश्रो त्रैमासिक परिक्षाको परीक्षाफल अन्य कक्षा को भन्दा राम्रो देखिन्छ तर अन्तिम परीक्षामा यो फेरबदल हुन पनि सक्छ भने गैर गुरुङ विद्यार्थीहरूमा पनि उत्तीर्ण दर कक्षा १ कक्षा २ र ५ मा नै उत्तीर्ण दर बढी देखिन्छ प्रतिशतको हिसाबले हेर्दा गुरुङ जिद्यार्थी ९७.६१ प्रतिशत र गैर गुरुङहरूको पनि ९४.८८ प्रतिशत रहेको छ ।

गैर गुरुङ अभिभावकहरू तुलनात्मक रूपमा आफ्ना बच्चाहरूको पढाइप्रति समयसमयमा विद्यालयमा पुगेर आवश्यक जानकारी लिने गरेको पाइन्छ तर गुरुङ हरूमा यस्तो जानरकी लिने गरेको पाइदैन । त्यसैगरी गैर गुरुङ  अभिभावक र गुरुङ अभिभावकको आर्थिक भिन्नताको प्रभाव उनीहरूका बालबच्चाहरूमा समेत परेको देखिन्छ । समग्रमा मार्क्सले भनेझैँ आर्थिक कारण र दुर्खाइमले भनेझैँ चेतनाको कारण गैर गुरुङ विद्यार्थीको तुलनामा गुरुङ विद्यार्थीहरूको उत्तिर्णदर सबै कक्षामा कमी देखिन्छ । विद्यालयमा अध्ययन गर्ने गुरुङ विद्यार्थीहरू आवश्यक पर्ने शैक्षिक सामग्री समयमा किन्न सक्दैनन् । उनीहरूको घरमा पढाइको लागि उपयुक्त वातावरण पनि छैन । त्यसैले मार्क्सका अनुसार आर्थिक कारण र दुर्खाइमका अनुसार चेतनाको कारण गत तीनवर्षको नतिजा हेर्दा हरेक वर्ष गुरुङ हरूको उत्तिर्णदर न्यून रहेको देखिन्छ ।

### ४.२.४ विद्यार्थीहरूको विद्यालय उपस्थिति

गुरुङ तथा गैर गुरुङ विद्यार्थीहरूको शैक्षिक सत्र २०७६ सालको विद्यालय उपस्थिति पत्ता लगाउन विद्यालयको हाजिरी अभिलेखको आधारमा अध्ययन क्षेत्रका प्रत्येक विद्यालयको कक्षागत मासिक उपस्थिति जोडी औषत निकालियो ।

विद्यालय खोल्नुपर्ने दिन कम्तिमा २२० तोकिएको (शिक्षा नियमावली, २०४९) भए तापनि अध्ययन क्षेत्रका विद्यालयमा भने कम्तिमा १७४ दिन र बढिमा १९९ दिन विद्यालय खुलेको पाइयो । जुन औषतमा १९१ दिन हुन आउँछ । शिक्षा नियमावली अनुसार विद्यालय खुल्ने र पढाई हुने दिन २२० तोकिए तापनि ती विद्यालयहरूमा विद्यालय खुल्ने र पढाई हुने दिनमा एकरूपता पाइएन । सो सम्बन्धमा प्र.अ. एवं शिक्षकहरूसँग प्रतिक्रिया लिँदा

समय-समयमा हुने बन्द, हड्तालको असर, समाजका गन्यमान्य व्यक्तिको निधन, स्थानीय चाडपर्व तथा सामाजिक सांस्कृतिक संस्कारका कारणहरूले गर्दा हुने विदाजस्ता कुराहरूले विद्यालय खुल्ने दिन र विद्यालय पढाई हुने दिनमा असर पारेको भन्ने जानकारी पाइयो । यसैगरी विद्यालय खुल्ने दिन र पढाई हुने दिन अन्तर देखिनुमा शिक्षकले बन्द हड्तालको बेलामा पनि हाजिर गर्ने र उत्तर पुस्तिका परिक्षणको समयमा पनि विद्यालय खोल्नेजस्ता प्रतिक्रिया पाइयो ।

अध्ययन क्षेत्रका प्राथमिक तहमा अध्ययन गर्ने गुरुङ तथा गैरगुरुङ विद्यार्थीहरूको विद्यालय उपस्थिति अवस्था निम्नानुसार रहेको छ ।

**तालिका ४.६ : विद्यार्थीहरूको औषत वार्षिक उपस्थितिको अवस्था**

| कक्षा | गुरुङ विद्यार्थी | | | | गैर गुरुङ विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | | छात्रा | | छात्र | | छात्रा | |
| | उपस्थित दिन | प्रतिशत | उपस्थित दिन | प्रतिशत | उपस्थित दिन | प्रतिशत | उपस्थित दिन | प्रतिशत |
| १ | १५२ | ७९.५८ | १४६ | ७६.४३ | १६५ | ८६.३८ | १५८ | ८२.७२ |
| २ | १४७ | ७६.९६ | १४३ | ७४.८६ | १५९ | ८३.२४ | १५२ | ७९.५८ |
| ३ | १४६ | ७६.४३ | १३६ | ७१.२ | १६१ | ८४.२९ | १५५ | ८१.१५ |
| ४ | १४० | ७३.२९ | १२९ | ६७.५३ | १६१ | ८४.२९ | १४९ | ७८.०१ |
| ५ | १३४ | ७०.१५ | १२८ | ६७.०१ | १५६ | ८१.६७ | १५४ | ८०.६२ |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

माथिको तालिकाको अध्ययन गर्दा कक्षागत रूपमा गुरुङ तथा गैर गुरुङ छात्रछात्राको उपस्थिति औषत दिनमा हेर्दा गैर गुरुङको उपस्थिति प्रतिशत बढ्दो क्रममा देखिन्छ । जसअनुसार गुरुङ छात्रको सबभन्दा बढि उपस्थिति ७९.५८% १ कक्षामा देखिन्छ भने गुरुङ छात्राको सबभन्दा बढि उपस्थिति ७६.४३% कक्षा १ मै देखिन्छ । गैर गुरुङ छात्रछात्राको पनि अन्य कक्षाको तुलनामा कक्षा १ मा उपस्थिति बढि देखिन्छ ।

प्रत्येक कक्षामा गैर गुरुङ छात्र र छात्राको उपस्थितिको तुलनामा गुरुङ छात्र र छात्राको उपस्थिति कम देखिन्छ । यसैगरी गुरुङ र गैर गुरुङ दुबै समूहमा छात्रभन्दा छात्राको उपस्थिति कम देखिन्छ । गैर गुरुङ विद्यार्थीको तुलनामा गुरुङ विद्यार्थीको विद्यालयमा

उपस्थिति कम हुनुको कारणबारे विद्यालयमा अध्यापनरत शिक्षक र विद्यार्थीका अभिभावकसँग छलफल गर्दा शैक्षिक चेतनाको कमी, परम्परागत कार्यको अनुसरण, आर्थिक स्थिति कमजोर, जीविकोपार्जनको लागि ज्याला, मजदुरी गर्नुपर्ने, काममा जाँदा छोराछोरीलाई घर बसाल्ने परिपाटी रहेको बुझियो ।

## ४.२.५ गुरुङ विद्यार्थीहरूको कक्षाकोठा क्रियाकलापमा सहभागिता

अध्ययन क्षेत्रका गुरुङ विद्यार्थीहरूको कक्षाकोठा क्रियाकलापमा कस्तो सहभागिता छ ? भन्ने जानकारी लिन अवलोकन फा/ाम प्रयोग गा/एको थियो । अवलोकन कार्य कक्षा कोठाको अबलोकनको लागी तयार गरिएको फारम विद्यालयका प्रधानाध्यापक तथा १ देखि ५ सम्मका कक्षा शिक्षक तथा २ जना अन्य तर ग'?ङ समुदाय बाट प्रतिनिधित्व गर्ने गरि जम्मा ८ जनालाई फारम उपलब्ध गराई अध्ययन गरिएको थियो । यो अध्ययनमा उपलब्ध सबै व्यक्तिहरू को साझा धारणा बनाउने र ति विद्यार्थीहरू अवस्थालाई तलको तालिकामा ब्याख्या गरिएको छ ।

**तालिका ४.७ : विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता**

| सि. नं. | विद्यार्थी क्रियाकलाप | प्र.अ. र शिक्षकको धारणा | | | |
|---|---|---|---|---|---|
| | | गुरुङ विद्यार्थी बारे उत्तरदाता | | गैर गुरुङ विद्यार्थी बारे उत्तरदाता | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कक्षामा ध्यान दिएर सुन्छ । | २ | २५ | ६ | ७५ |
| २ | विषयसँग सान्दर्भिक प्रश्न सोध्छ । | १ | १२.५ | ७ | ८७.५ |
| ३ | शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ | १ | १२.५ | ७ | ८७.५ |
| ४ | छलफलमा सहभागी हुन्छ । | २ | २५ | ६ | ७५ |
| ५ | शिक्षकले दिएको अर्ति उपदेश पालना गर्छ | ४ | ५० | ४ | ५० |
| ६ | कक्षा कार्य गर्छ । | २ | २५ | ६ | ७५ |
| ७ | गृहकार्य गरेर ल्याउँछ । | १ | १२.५ | ७ | ८७.५ |
| ८ | अरु विद्यार्थीसँग बस्छ । | ६ | ७५ | २ | २५ |
| ९ | कापीकलम लिएर स्कूल आउँछ । | ४ | ५० | ४ | ५० |
| १० | समयमा स्कूल आउँछ । | २ | २५ | ६ | ७५ |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

सामान्य तया विद्यालय भनेको अनुशासन गृह हो भन्ने कुरा सबैलाई थाहा छ त्यसैले पनि विद्यालय भित्र विद्यार्थीले अनुशासनको सिमा नाग्दैनन तैपनि बालबालिकाको अबस्थालाई यसरी निमानुसारको मुल्याङ्कन गरिएको छ । माथिको तालिकामा विद्यार्थीका बारेमा अनुशासनका प्र.अ. र शिक्षकको धारणालाई समेटिएको छ ।

माथिको तालिकामा हेर्दा कक्षामा ध्यान दिएर सुन्छ भन्नेमा गुरुङको पक्षमा जम्मा २५% प्र.अ. र शिक्षक सहमत देखिए भने गैर गुरुङ को पक्षमा ७५% सहमत देखिए । त्यस्तै विषयसँग सान्दर्भिक प्रश्न सोध्छ भन्नेमा गुरुङको पक्षमा १२.५ र गैर गुरुङको पक्षमा ८७.५ प्रतिशत सहमती पाइयो । शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ भन्ने तर्कमा गुरुङको पक्षमा १२.५ र गैर गुरुङको पक्षमा ८७.५ प्रतिशत सहमती पाइयो । छलफलमा सहभागी हुन्छ भन्नेमा गुरुङको पक्षमा जम्मा २५% प्र.अ. र शिक्षक सहमत देखिए भने गैर गुरुङको पक्षमा ७५% सहमत देखिए । शिक्षकले दिएको अर्ति पालन गर्छ भन्नेमा गुरुङको पक्षमा जम्मा ५०% प्र.अ. र शिक्षक सहमत देखिए भने गैर गुरुङको पक्षमा ५०% सहमत देखिए । कक्षाकार्य गर्छ भन्ने विषयमा गुरुङको पक्षमा २५ र गैर गुरुङको पक्षमा ७५ प्रतिशत सहमती पाइयो । गृहकार्य गर्ने विषयमा राखिएको जिज्ञासामा गुरुङको पक्षमा १२.५ र गैर मगरको पक्षमा ८७.५ प्रतिशत सहमती पाइयो । अरु विद्यार्थीसँग बस्छ भन्नेमा गुरुङको पक्षमा ७५ र गैर गुरुङको पक्षमा २५ प्रतिशत सहमती पाइयो । कापीकलम लिएर स्कूल आउँछ भन्ने विषयमा गुरुङको पक्षमा ५० र गैर गुरुङको पक्षमा ५० प्रतिशत सहमती पाइयो र समयमै स्कूल आउँछ भन्ने विषयमा गुरुङको पक्षमा २५ र गैर गुरुङको पक्षमा ७५ प्रतिशत सहमती पाइयो ।

यसरी अवलोकन फारमको प्राप्तिलाई एकिकृत गर्दा ३१.२५% मात्र गुरुङको पक्षमा र ६८.७५% सहमति गैर गुरुङको पक्षमा देखियो । यसले के प्रष्ट पार्छ भने कक्षा कृयाकलापमा गुरुङको सहभागिता न्यून रहेको छ ।

अवलोकनको साथसाथै गुरुङ तथा गैर गुरुङ विद्यार्थीका क्रियाकलापबारे जानकारी प्राप्त गर्न समूह छलफल, अन्तरक्रिया तथा सर्वेक्षण र व्यक्तिगत भेटघाट समेत गर्दा पनि गुरुङहरूको शैक्षिक अवस्था उपलब्धिमूलक नभएको कुरा जानकारी पाइयो ।

**विद्यार्थीहरूको उपस्थिति**

स्थलगत सर्वेक्षणको क्रममा २०७७ सालमा अध्ययनको लागि छनोट भएको विद्यालयको विद्यालय उपस्थिति एकैपटक लिँदा निम्न अवस्था देखा पऱ्यो ।

**तालिका ४.८ : विद्यार्थीहरूको उपस्थिति**

| क्र. सं. | विवरण | गुरुङ विद्यार्थी | | गैर गुरुङ विद्यार्थी | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | विद्यार्थी संख्या | ५८ | १०० | ४४० | १०० | ४९८ | १०० |
| २ | उपस्थित संख्या | ४४ | ७५.८६ | ३७२ | ८४.५४ | ४१६ | ८३.५३ |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

माथिको तालिकालाई हेर्दा अवलोकन गरिएको जम्मा २० वटा कक्षाकोठामा गुरुङ तथा गैर गुरुङ विद्यार्थीको जम्मा संख्या ४९८ देखिए तापनि २०७७ फाल्गुण १६ गते विद्यालयमा अवलोकन गर्दा उक्त दिनमा ८३.५३% विद्यार्थीहरूको मात्र कक्षामा उपस्थिति पाइयो भने गैर गुरुङ विद्यार्थीहरूको ८४.५४ प्रतिशत र गुरुङ विद्यार्थीहरूको उपस्थिति ७५.८६% पाइयो । यसबाट के प्रष्ट हुन्छ भने गुरुङको तुलनामा गैर गुरुङ विद्यार्थीहरू बढि मात्रामा उपस्थित हुने गर्दछन् ।

गैर गुरुङ विद्यार्थीको तुलनामा गुरुङ विद्यार्थीहरूको विद्यालय उपस्थिति कम देखियो । यसैप्रकार गुरुङ विद्यार्थीले पढाइप्रति कम ध्यान दिएको देखियो । गैर गुरुङ विद्यार्थीले भने पढाईप्रति रुचि राखेको पाइयो । जसले गर्दा गैर गुरुङविद्यार्थीहरू कक्षामा शिक्षकले पढाउँदा विषय वस्तुप्रति ध्यान दिएको पाइयो । गुरुङ विद्यार्थीहरू एक आपसमा चल्ने, कुरा गर्ने, पछाडि बस्ने हुँदा पनि पढाईप्रति खासै रुचि नराखेको अवलोकनको क्रममा देखियो ।

अवलोकनको क्रममा ७५% गुरुङ विद्यार्थीहरू कक्षाकोठामा पछाडि बसेको पाइयो । सो सम्बन्धमा शिक्षकहरूसँग सोधपुछ गर्दा गुरुङ विद्यार्थीहरूमा आफूहरू पढाइमा कमजोर हुनाले र शिक्षकले अगाडि बस्नेलाई बढि सोध्ने हुँदा पछाडि बस्ने, शिक्षकको नजरमा कम

परिने र पछाडि बसे हल्ला गर्न र चल्न पाइने भन्ने धारणाबाट ग्रसित भएकोजस्तो प्रतिक्रिया पाइयो ।

गुरुङ विद्यार्थीहरूले कक्षा कोठामा छलफलमा सक्रिय सहभागी नहुने, प्रश्न पनि नसोध्ने र शिक्षकले सोधेका प्रश्नको उत्तर कम दिने गरेको पाइयो । तुलनात्मक रूपमा गैर गुरुङ विद्यार्थीहरू भने कक्षाकोठामा हुने क्रियाकलाप, छलफल गर्दा ५०% विद्यार्थीहरूले शिक्षकसँग प्रश्न सोध्ने र उत्तर दिने साथै कक्षाकोठामा सहपाठीहरूसँग छलफल गर्न लाज मान्ने प्रतिक्रिया दिएभने बाँकी गुरुङ विद्यार्थीहरूले सो सम्बन्धमा कुनै प्रतिक्रिया दिएनन् ।

अवलोकनको क्रममा गुरुङ विद्यार्थीहरूतर्फ २०% ले र गैर गुरुङ विद्यार्थीहरूतर्फ ५०% ले मात्र गृहकार्य तयार पारेको पाइयो । यसरी नै ३५% गुरुङ र ५०% गैर गुरुङ विद्यार्थीहरूले कक्षाकार्य गरेको पाइयो । गृहकार्य र कक्षाकार्य नगर्ने गुरुङ विद्यार्थीसँग छलफल गर्दा घरमा फुर्सद नपाएर, नजानेर, थाहै नपाएर र घरमा सिकाउने मान्छे नभएर भन्नेजस्ता प्रतिक्रिया पाइयो ।

गुरुङ विद्यार्थीहरूले आफ्नो सरसफाईमा खासै ध्यान दिएको पाइएन । लामा-लामा नङ, नाकमा सिंगान, मैला कपडा लगायतका दृश्य अवलोकनको क्रममा पाइयो । विद्यार्थी अवलोकनपछि शिक्षकहरूसँग छलफल गर्दा आमाबाबु र परिवारमा सरसफाई सम्बन्धी चेतना र ज्ञान नभएको, घरको वातावरण नै सरसफाईप्रति बेवास्ता गर्ने किसिमका जस्तैः साँघुरा घरगोठ सँगै जोडिएको, कुखुरा तथा सुँगुरका खोरहरू पनि घरको नजिकै निर्माण गरिएको जाँडरक्सीको अधिक प्रयोग, शौचालय कम प्रयोग, कामले गर्दा फुर्सद नमिल्नेजस्ता प्रकृया पाइयो भने गैर गुरुङ  समुदायमा चेतना र सामाजिक प्रभावले गर्दा आफ्ना छोराछोरीहरूलाई सरसफाईप्रति विशेष ध्यान दिइएको पाइयो ।

कक्षा कोठाभित्र गैर गुरुङ विद्यार्थीहरूको कारणले गुरुङ विद्यार्थीहरू अलग बस्नुपर्ने स्थिति भने देखिएन तर जति गुरुङ विद्यार्थीहरू पछाडि वा अलग बस्ने गर्दछन् त्यती गैर गुरुङ विद्यार्थीहरूमा पाइएन । उनीहरू स्वेच्छाले पछाडि बसेको उनीहरूसँगको सोधपुछबाट थाहा पाइयो गुरुङ र गैर गुरुङ विद्यार्थीहरू एउटै बेञ्चमा बसेर अध्ययनमा संलग्न भएको पाइयो । यसैगरी कक्षा कोठाभित्र उनीहरू मिलिजुली बस्ने र अध्ययन गरेको समेत पाइयो ।

अवलोकनका क्रममा २०% गुरुङ विद्यार्थीहरू कापी, कलम बिना स्कुल आएको र विद्यालय समय भन्दा पनि केही ढिलो आएको पाइयो । यसबारेमा विद्यालयमा शिक्षकहरूसँग छलफल गर्दा गरिवीको कारणले समयमा कापी, कलम, विद्यालय पोसाक किन्न अभिभावकले नसक्ने, परिश्रम गरेर कमाएको पैसाले पेट पाल्न समेत नपुग हुनेजस्ता प्रतिकृया पाइयो । जसले गर्दा उनीहरू विद्यालय ढिलो आउने, कहिले त विद्यालयमा नै नपुगी घर फर्कनेजस्ता प्रतिकृया समेत पाइयो । प्राय: न्यून आय भएका, चेतनाका कमी भएका गुरुङ समुदायका केटाकेटीमा यस्तो स्थिति देखियो । गुरुङ समुदायभित्र पनि केही सम्पन्न परिवारले आफ्नो छोराछोरीलाई निजी विद्यालयमा पढाएको पाइयो । अर्को तर्फ ९५% गैर गुरुङ विद्यार्थीहरू भने कापी, कलम लिएर समयमा नै विद्यालय आएको अवलोकनको क्रममा देखियो । गैर गुरुङ समुदायमा पनि ब्राह्मण र क्षेत्रीको तुलनामा दलित केटाकेटीहरूको स्थिति भने गुरुङ समुदायका केटाकेटीहरू भन्दा पनि कमजोर पाइयो । यसबारेमा शिक्षकसँग छलफल गर्दा ब्राह्मण क्षेत्रीहरू न्यून आय स्तरका भए पनि उनीहरूका अभिभावकले आफ्ना छोराछोरीलाई समयानुकुल उचित शिक्षा दिनुपर्छ भन्ने सकारात्मक दृष्टिकोण राखेको कुरा बताए ।

अतिरिक्त क्रियाकलापमा रुची सम्बन्धमा विद्यालयमा गुरुङ विद्यार्थीहरूले गैर गुरुङ विद्यार्थी सरह नै उत्सुकता पूर्वक भाग लिएको पाइयो । यसमा पनि बौद्धिक क्रियाकलापको तुलनामा शारीरिक क्रियाकलापहरू जस्तै : दौडने, उफ्रने, भलिवल जस्ता खेलकुद कार्यमा बढी रुचि राखेको पाइयो ।

## ४.३ गुरुङ बालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

बालबालिकाको वंशाणुगत गुण, वातावरणीय प्रभाव, सामाजिक र सांस्कृतिक परिवेश, घर परिवार, साथी समूह, आर्थिक अवस्था, राजनैतिक अवस्था कक्षा व्यवस्थापन आदिले प्रत्यक्ष प्रभाव पार्दछ । बालबालिकालाई प्रभाव पार्ने तत्वहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

(क) आन्तरिक तत्व : यस अन्तर्गत पारिवारिक संरचना, वंशाणुगत गुण, अन्तरदृष्टि सिकाई क्षमता, रूचि चाहना क्षमता आदि पर्दछन् ।

(ख) बाह्य तत्व : यस अन्तर्गत कक्षाकोठा, शिक्षक, संगत, आर्थिक, भौतिक पक्ष, राजनैतिक अवस्था, धार्मिक सांस्कृतिक, भाषा आदी पर्दछन् ।

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूलाई विद्यालयसँग सम्बन्धित तत्वहरू सामाजिक तत्वहरू, पारिवारिक तत्व, आर्थिक तत्व, राजनैतिक तत्वहरूले प्रभाव पारेको पाइयो । जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.९ : गुरुङहरूको शैक्षिक उपलब्धि न्यून हुनुमा प्रभाव पार्ने तत्वहरू**

| क्र. सं. | विवरण | प्र.अ. | शिक्षक (४) | वि.व्य.स. अध्यक्ष | अभिभावक (८) | विद्यार्थी (४०) | स्रोत व्यक्ति (१) |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक अभाव | २ (५०%) | २ (५०%) | २ (५०%) | ४ (५०%) | २२ (५५%) | - |
| २ | चेतनाको कमी | १ (२५%) | - | - | १ (१२.५%) | २ (५%) | १ (१००%) |
| ३ | ठूलो परिवार | १ (२५%) | १ (२५%) | - | १ (१२.५%) | ६ (१५%) | - |
| ४ | मातृभाषामा शिक्षण नहुनु | - | १ (२५%) | १ (१२.५%) | १ (१२.५%) | ६ (१५%) | - |
| ५ | रोजगारी नपाइनु | - | - | १ (१२.५%) | १ (१२.५%) | ४ (१०%) | - |
| ६ | सांस्कृतिक प्रभाव | - | २ (५०%) | - | - | - | - |
| ७ | राजनैतिक प्रभाव | - | - | - | ४ (५०%) | - | - |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

माथिको तालिका अनुसार गुरुङ विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूका सम्बन्धमा देखिएका समस्याहरू सरोकारवालाहरूले (प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, स्रोतव्यक्ति, अभिभावक र विद्यार्थी) व्यक्त गरेका धारणालाई निम्नानुसार प्राथमिकता क्रममा प्रस्तुत गरिएको छ :

अध्ययनका निष्कर्षलाई निम्नानुसार अनुच्छेदमा व्याख्या गरिएको छ :

आर्थिक अभाव : गुरुङ विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका १००% प्र.अ., ५०% शिक्षकहरू, ५०% वि.व्य.स. अध्यक्षहरू, ५०% अभिभावक तथा ५५% विद्यार्थीहरू सहमत भएको पाइयो । यसरी हेर्दा मार्क्सको सिद्धान्त जस्तै आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा प्रभाव पार्ने देखियो ।

चेतनाको कमी : गुरुङ विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका १००% प्र.अ १२.५% अभिभावक, ५% विद्यार्थीहरू र स्रोतव्यक्ति १००% सहमत भएको पाइयो। यसरी हेर्दा दुर्खाइमका अनुसार चेतनाको कमीबाट शैक्षिक उपलब्धिमा प्रभाव पर्ने देखियो ।

ठूलो परिवार : गुरुङ विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका १००% प्र.अ., २५% शिक्षकहरू, १२.५% अभिभावक तथा १५% विद्यार्थीहरू सहमत भएको पाइयो ।

मातृभाषामा शिक्षण नहुनु : गुरुङ विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% शिक्षकहरू, २५% वि.व्य.स. अध्यक्षहरू, १५% अभिभावक तथा १५% विद्यार्थीहरू सहमत भएको पाइयो ।

रोजगारी नपाइनु : गुरुङ विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका २५% वि.व्य.स. अध्यक्षहरू, १२.५% अभिभावक तथा १०% विद्यार्थीहरू सहमत भएको पाइयो ।

साँस्कृतिक प्रभाव : गुरुङ विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ५०% शिक्षकहरू सहमत भएको पाइयो । गुरुङ समुदायमा जन्म, न्वारन, पास्नी, छैँठी, विवाह, मृत्यु आदि संस्कारमा जाँड रक्सि, मासु आदि खुवाउने चलनले गर्दा र रमाइलो गरी चाडपर्वहरू मनाउने हुँदा घरपरिवारबाट विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पारेको पाइयो ।

राजनैतिक प्रभाव : गुरुङ विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यलायहरूका ५०% अभिभावकहरू सहमत भएको पाइयो । तथ्याङ्क सङ्कलनमा जे जस्तो सूचना तथा तथ्याङ्क प्राप्त भएता पनि स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरूमा अधिकांश विद्यालयहरूमा बन्द, हड्ताल, द्वन्द्व, तालाबन्दी, चक्काजाम तथा राजनैतिक हस्तक्षेपजस्ता कारणले विद्यार्थीहरूको शैक्षिक उपलब्धि न्यून रहेको पाइयो ।

स्थलगत सर्वेक्षणका आधारमा भेटघाट, अन्तरक्रिया, वार्तालाप आदि माध्यमबाट प्राप्त जानकारीका आधारमा शैक्षिक समस्याहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

गुरुङ समुदायमा आफ्नो जग्गा जमिन थोरैको भए पनि धेरैको कम भएको हुँदा गरिविको कारण मगर बालबालिका पनि आयआर्जन गतिविधिमा संलग्न रहन्छन् । प्रत्येक दिन काम नगरी खान नपाउने हुँदा साना बालबालिका देखि परिवारका ठूला सबै सदस्यहरूले काम गर्नुपर्ने बाध्यता देखियो । गरिबीको कारण विद्यालय पोसाक, भर्ना शुल्क, परिक्षा शुल्क, किताब, कापी र कलम किन्ने पैसाको अभाव र आवश्यक परेको समयमा रूपैयाँ पैसा सापटी पाउन पनि गाह्रो परेको अन्तरवार्ताका क्रममा पाइयो ।

प्राय गुरुङ परिवारहरू अशिक्षित हुनाका कारण आफ्ना केटाकेटीहरूको शैक्षिक गतिविधीमा संलग्न देखिँदैनन् । घरको वातावरण शिक्षासँग मेलखाने खालको नभएकोले आफै शिक्षा विकासमा प्रत्यक्ष संलग्न हुने अवस्था देखिएन । शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुँदा छिट्टै आर्थिक लाभ हुने कामतिर आकर्षित भै शिक्षाप्रति बेवास्ता गरेको पाइयो । उनीहरू प्रायः परम्परागत, जातिगत काममा संलग्न रहेको पाइयो ।

केटाकेटीहरूले घरको काममा सहयोग गर्नुपर्ने कारणले धेरै कम मात्रामा विद्यालयमा उपस्थित हुन पुगेका छन् । यसमा पनि छोरीले घरको काम धन्दामा सघाउनु पर्दछ भन्ने धारणा अभिभावकको रहेको छ । यो धारणा हुने खाने गुरुङहरूमा पनि रहेको छ । यस अर्थमा गुरुङ समूदायमा धन भन्दा पनि लैङ्गिक विभेद राख्ने राष्ट्रिय प्रवृत्तिको पूनरावृत्ति भएको देखियो ।

गुरुङ समाजमा पनि केटीलाई भन्दा केटालाई धेरै स्वतन्त्रता छ । महिला अभिभावकहरू प्रायः अशिक्षित नै छन् । यसले गर्दा केटाकेटीमा समान व्यवहार पाइदैन । गुरुङ समुदायमा परम्परावादी र रुढीवादी संस्कार विद्यमान रहेकोले शिक्षालाई जीवनका लागि अपरिहार्य साधन महशुस हुन नसकेको देखियो ।

घरको काममा सम्पूर्ण परिवारको संलग्नता रहन्छ । त्यसैले गुरुङ बालबालिकाहरू विद्यालयमा अनुपस्थित रहन्छन् । घरमा शैक्षिक वातावरण छैन तसर्थ पढाई छुटेर ति बालबालिकाहरू अल्छी हुन पुगेका छन् । अनियमितताका कारणले उनीहरू पढ्न

सक्दैनन् । यसले गर्दा परिक्षामा अनुत्तिर्ण हुन पुग्छन् । फलस्वरूप विद्यालयमा कम आएको पाइयो ।

गुरुङ समुदायमा जाँडरक्सीको अत्याधिक प्रयोग गरी चाडपर्वमा बढी रमाइलो गर्ने चलनले गर्दा मोजमस्तीमा रमाई यथास्थितिमै खुसी हुने भएकोले बालबालिकामा पनि त्यस्तै प्रभाव परेको देखियो । छिटो विवाह गर्ने चलनले धेरै सन्तान जन्मिने प्रवृत्तिले गर्दा बालबालिकाको भविष्यप्रति अभिभावकले चिन्ता नलिएको "भगवानले दिन्छन्, भगवान्ले पाल्न कर लाग्छ" भन्ने रुढीवादी धारणा विद्यमान रहेको देखियो ।

गुरुङ समुदायमा लाहुरे हुनै पर्ने मान्यताले पनि अभिभावकहरू पढाई लेखाइतिर भन्दा पनि आफ्नो छोरालाई बेलायती सेनामा, भारतीय सेनामा, खाडी मुलुकमा र त्यो पनि नभए भारतको विभिन्न ठाउँमा नोकरी गर्न पठाउने सामाजिक परम्पराले पनि पढाई बीचैमा छोड्ने परिपाटी विद्यमान रहेको देखियो । पढाईलाई भन्दा पैसालाई बढी महत्व दिने संस्कारले गर्दा पनि मगर समुदायमा शिक्षाको खासै महत्व देखिएन ।

गुरुङ समुदायमा लाहुरेलाई जति मानसम्मान दिइन्छ । एउटा पढेको मानिसले उक्त सम्मान पाउँदैन । फलस्वरूप सामाजिक सम्मानको लागि पनि लाहुरे हुनुपर्ने परिस्थिति विद्यमान रहेको देखियो । 'संगत गुनाको फल' भने जस्तै समाजमा पढे लेखेका मानिस धेरै नहुँदा गाउँमा अल्लारे, आवरापनका केटाकेटीहरू बढी हुने हुनाले पढ्ने चाहना बालबालिकामा पनि उनीहरूको संगतले गर्दा विग्रन गएको देखियो ।

खास गरि गुरुङ समुदायमा आर्थिक हिसाबले छोरालाई हेरिन्छ भने सामाजिक सांस्कृतिक हिसाबले छोरी लाइ हेरिन्छ भोलि छोरा लाहुरे हुन्छ त्यसैले छोरा लाइ अलिक महत्व का साथ स्कुल पठाउने काम गरिन्छ भने छोरीलाई अलिक कम महत्व दिएको पाइन्छ, हरेक सास्कृतिक कार्यमा छोरी अनि ज्वाईलाइ महत्व दिनुपर्ने गुरुङहरूको सामाजिक प्रचलन रहेको छ तर यो काममा छोरालाई खासै महत्व दिइदैन ।

शिक्षकहरूले पनि जान्ने विद्यार्थीलाई मनपराउने र नजान्ने विद्यार्थीलाई फरक ढंगले व्यवहार गर्ने, गाली गर्ने गर्दा उनीहरूमा पढाई प्रति निरासा छाएको देखियो । विद्यालयको भौतिक वातावरण शिक्षा नियमावलीले तोकेको मापदण्ड अनुसार नहुँदा पनि विद्यालय जान मन नगरेको देखियो ।

### ४.४ गुरुङ बालकालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू

गुरुङ बालकालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी जानकारी प्राप्त गर्ने क्रममा विभिन्न व्यक्तिहरूको अवधारणा निम्न अनुसार पाइयो ।

**तालिका ४.१० : गुरुङ विद्यार्थीहरूका शैक्षिक उपलब्धी बृद्धि गर्ने उपायहरू**

| क्र.सं. | विवरण | प्र.अ. | शिक्षक (४) | वि.व्य.स. अध्यक्ष | अभिभावक (८) | विद्यार्थी (४०) | स्रोत व्यक्ति (१) |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक सहुलियत | १ (१००%) | २ (५०%) | १ (१००%) | ३ (३७.५%) | १८ (४५%) | - |
| २ | निःशुल्क शिक्षा प्रदान | - | - | १ (१००%) | २ (२५%) | १६ (४०%) | - |
| ३ | रोजगारमूलक शिक्षा | १ (१००%) | १ (२५%) | १ (१००%) | १ (१२.५%) | २ (५%) | १ (१००%) |
| ४ | मातृभाषामा शिक्षा | - | १ (२५%) | - | १ (१२.५%) | ३ (७.५%) | - |
| ५ | जातीय भेदभावको अन्त्य | - | - | - | १ (१२.५%) | १ (२.५%) | - |

स्रोत : विद्यालयको प्रशासन शाखा, २०७७

माथि उल्लेखित तालिकाको अध्ययन गर्दा गुरुङ बालबालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरूमध्ये सरोकारवाला (प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, अभिभावक, विद्यार्थी र स्रोतव्यक्ति) हरूले व्यक्त गरेका धारणालाई निम्नानुसार प्राथमिकता क्रममा प्रस्तुत गरिएको छ :

आर्थिक सहुलियत : गुरुङहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा १००% प्र.अ., ५०% शिक्षक, १००% वि.व्य.स. अध्यक्ष, १००% अभिभावक र ४५% विद्यार्थीहरू आर्थिक सहुलियतको पक्षमा रहेको पाइयो ।

निःशुल्क शिक्षा प्रदान : गुरुङहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नु पर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा १००% वि.व्य.स. अध्यक्ष, २५% अभिभावक र ४०% विद्यार्थीहरू निःशुल्क शिक्षाको पक्षमा देखिए ।

रोजगारमूलक शिक्षा : गुरुङहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा १००% प्र.अ., २५% शिक्षक, १०० % वि.व्य.स. अध्यक्ष, १२.५%

अभिभावक र ५% विद्यार्थीहरू रोजगारमूलक शिक्षामा सहमत पाइए भने स्रोत व्यक्ति (१००%) पनि रोजगारमूलक शिक्षाको पक्षमा सहमत देखिए ।

मातृभाषामा शिक्षा : गुरुङहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा २५% शिक्षक, १२.५% अभिभावक र ७.५ % विद्यार्थीहरूमात्र मातृभाषामा शिक्षा दिनुपर्ने कुरामा सहमत भए ।

जातीय भेदभावको अन्त्य : गुरुङहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा १२.५% अभिभावक तथा २.५% विद्यार्थी मात्र जातीय भेदभावको अन्त्यमा सहमत भएको पाइयो ।

स्थलगत भ्रमणको क्रममा व्यक्तिगत भेटघाट, अन्तरक्रियाजस्ता माध्यमबाट गुरुङहरूको शैक्षिक उपलब्धि बढाउने उपायहरू निम्न अनुसार पहिचान गरियो ।

गुरुङ बालबालिकाको पायक पर्ने ठाउँमा विद्यालय खोल्नुपर्छ । विद्यालय नजिक हुँदा गुरुङ बालबालिका समेत विद्यालय जान उत्साहित र प्रोत्साहित हुन्छन् । सकभर विहानी कक्षा चालु गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस्तो कक्षामा घरायसी कामकाजले पढ्न नपाएकाहरूले पढ्ने अवसर पाउँछन् । उनीहरूले शैक्षिक कार्यमा अभिभावकहरू पनि प्रत्यक्ष रूपले संलग्न हुन सक्छन् र उनीहरूको ध्यान पुऱ्याउन सक्छन् ।

ठूलो उमेरका बालबालिका विद्यालयमा आउनेमा प्राय गरिब परिवार देखिन्छन् । उनीहरूका अभिभावकमा चेतनाको कमीले सुरुमा विद्यालय पढाउन भ्याएका हुँदैनन् । गाउँको स्कुलबाट प्रत्येक वर्ष भर्ना अभियानको क्रममा घरदैलो जागरण कार्यक्रम संचालन गर्दा मात्र बच्चाहरू विद्यालय पठाउन थाल्छन् ।

गरीब गुरुङ बालबालिकाहरूलाई छात्रवासको उचित प्रवन्ध, विद्यालयमा दिवा खाजाको व्यवस्था, गरिब बालबालीकालाई जो पढ्न जेहेन्दार छ उसलाई पढ्न अभिप्रेरित गर्न विद्यालयले आर्थिक सहयोग जुटाउने पहल गर्नुपर्दछ । स्थानीय जनसमुदायसँग चन्दा सङ्कलन गर्ने र कुनै शिक्षा प्रेमीबाट अक्षयकोष स्थापना गर्न लगाई छात्रवृद्धि प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

विद्यालय जान वञ्चित गुरुङ बालबालिका र प्रौढहरूको लागि साक्षरता कार्यक्रम (प्रौढ शिक्षा तथा महिला शिक्षा) लाई अभियानको रूपमा सञ्चालन गर्नुपर्दछ । पढेर के हुन्छ ? भन्ने मानसिकताबाट हुर्केका गुरुङलाई पढाईका राम्रा पक्षबारे शिक्षा दिने कार्यक्रम सञ्चालन गर्नु पर्दछ । महिलाहरूलाई पढ्नबाट बञ्चित गर्ने चलनलाई निरुत्साहित गर्नका लागि लैङ्गिक समानता सम्बन्धी तालिम, गोष्ठि सञ्चालन गरेर गुरुङ अभिभावकहरूलाई जागरुक बनाउनु पर्दछ ।

गुरुङ जातिका सहयोगी कार्यकर्ताहरूलाई तालिम दिएर उनीहरू बीचमै सुखः दुःखमा साथ दिँदै जनचेतना जगाउने काम गरिनुपर्दछ । विभिन्न संघ संस्थाहरूले समुदायमा जनचेतना र सशक्तिकरण अभियान चलाउनु पर्छ साथै समावेसी र समाहित शिक्षाका कार्यक्रम लागू गरिनुपर्छ । अधिकांश न्यून आय भएका गुरुङ परिवारहरूलाई विशेष सहुलियत प्रदान गरी बालबालिकाको सम्पूर्ण पढाइ खर्च सरकारले व्यहोर्नु पर्छ ।

प्रत्येक विद्यालयमा गुरुङ भाषा कक्षाहरू तथा गुरुङ शिक्षक शिक्षिकाको दरवन्दी कायम गर्न सकिएमा गुरुङ विद्यार्थीहरूको उपस्थिती बढ्न जान्छ । गुरुङ विद्यार्थीहरू बढी सकेपछि पनि विद्यालय बिचैमा छाड्ने दरलाई कम गर्न छात्रवृत्ति, पोषाक तथा खाजाको उचित प्रवन्ध गर्नुपर्दछ ।

# अध्याय–पाँच
# सारांश र निष्कर्ष

## ५.१ सारांश

प्राथमिक तहका गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था सम्बन्धी प्रस्तुत यो शोध अध्ययनका साधारण उद्देश्यहरूमा प्राथमिक तहमा अध्ययनरत गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था पत्ता लगाउनु, गुरुङ बालबालिकहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिल्याउनु र गुरुङ बालबालिकाहरूको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपाय सुझाउनु रहेका छन् भने यस अध्ययनलाई पाँच अध्यायमा सम्पन्न गरिएको छ ।

प्रस्तुत अध्ययन पोखरा महानगरपालिका वडा नं. १३, कुँडहर स्थित श्री भद्रकाली माध्यमिक विद्यालयका प्राथमिक तहका गुरुङ बालबालिकाहरूमा आधारित छ । यस अध्ययनका मुख्य प्राप्तिहरूलाई तल उल्लेख गरिएको छ :

### ५.१.१ प्राप्तीहरू

गुरुङ विद्यार्थीहरूको नतिजा गैरगुरुङहरूको तुलनामा २०६३ सालमा १२.५१%, २०६४ मा १०.७% र २०६५ मा ६.७९% ले कमी रहेको पाइयो । साथै कक्षा क्रियाकलापमा पनि गुरुङको सहभागिताको पक्षमा केवल ३१.५% सहमती देखियो । यसले गुरुङको शैक्षिक अवस्था न्यून रहेको पुष्टि गर्दछ । शैक्षिक अवस्था न्यून गराउन प्रभाव पार्ने प्रमुख तत्वको रूपमा आर्थिक तत्व देखापर्‍यो ।

प्राथमिक तहमा अध्ययनरत गैरगुरुङ छात्र/छात्राको तुलनामा गुरुङ छात्र/छात्राको उपस्थिति कम देखिन्छ । प्रत्येक कक्षामा गुरुङ तथा गैरगुरुङ दुवै समूहका विद्यार्थीहरूमा कक्षा बढ्दै गए अनुसार विद्यालय उपस्थिति पनि बढेको देखिन्छ । गैर गुरुङभन्दा गुरुङ विद्यार्थीहरूको कक्षा अवलोकनको क्रममा धेरैजसो गुरुङ विद्यार्थीहरू कक्षाकोठा पछाडि बसेको पाइयो । गुरुङ विद्यार्थीहरूले छलफलमा सक्रिय सहभागिता, प्रश्न सोध्ने र शिक्षकले सोधेको प्रश्नको उत्तर कम दिएको पाइयो ।

शिक्षकहरूसँग शैक्षिक क्रियाकलापमा संलग्न हुनुको सट्टा कक्षामा घोप्टो मुन्टो लगाएर पछाडिको बेञ्चमा बस्ने, लजाउने गरेको पाइयो । अवलोकनको क्रममा ४०% गुरुङ विद्यार्थीहरूले र ८०% गैर गुरुङ विद्यार्थीहरूले गृहकार्य गरेको पाइयो । अवलोकनकै क्रममा ४०% गुरुङ विद्यार्थीहरूले र ८०% गैर गुरुङ विद्यार्थीहरूले कक्षा कार्य गरेको पाइयो । अवलोकनकै क्रममा २०% गुरुङ विद्यार्थीहरू र ५% गैर गुरुङ विद्यार्थीहरू मात्र कापीकलम बिना नै विद्यालय आएको पाइयो । गुरुङ विद्यार्थीहरूले सरसफाईमा त्यति ध्यान दिएको पाइएन ।

विद्यालय र कक्षा कोठामा जातिपातिको आधारमा भेदभावको कुनै सङ्केत भने देखिएन बरु गुरुङ र गैर गुरुङ विद्यार्थीहरू सँगसँगै उठबस गरेको पाइयो । अतिरिक्त क्रियाकलाप सम्बन्धमा गुरुङ विद्यार्थीहरूले शारीरिक क्रियाकलापहरू जस्तैः- दौडने, उफ्रनेजस्ता कार्यमा रुचि लिएको पाइयो भने बौद्धिक क्रियाकलापमा उनीहरूको कम रुचि रहेको पाइयो ।

पढ्नु पर्दछ भन्ने भावनाबाट प्रेरित गरेको, कक्षा कार्य, गृहकार्यजस्ता कार्यहरूमा विशेष चासो देखिएको, गैर गुरुङ विद्यार्थीहरूले पनि पिछडिएको जनजाति भनेर तल्लो वर्गको रूपमा अभद्र व्यवहार नगरेको, मानिस-मानिस बीच कुनै फरक छैन भन्ने भावना राखेको, शैक्षिक क्रियाकलापमा सहयोग गरेको छलफलको क्रममा थाहा पाइयो ।

गुरुङ विद्यार्थीहरू सफा सुग्घर भए उनीहरूलाई साथीको रूपमा लिन कुनै फरक नपर्ने, जसको नाममा एक विद्यार्थीको अर्को विद्यार्थीलाई नराम्रो व्यवहार गर्न नहुने, जातिगत रूपमा नभई व्यवहार र स्वभाव अनुसार गुरुङलाई गैरगुरुङ (ब्राह्मण) को घरभित्र पस्न फरक नपर्ने, गैर गुरुङ विद्यार्थीहरूको अन्तर्वार्ता र छलफलबाट बुझियो तर व्यवहारिक रूपमा गुरुङ विद्यार्थीहरूलाई आफ्नो घरमा लगे तापनि भित्र पस्न भने नपाएका गुरुङ विद्यार्थीको अन्तर्वार्ताबाट थाहा पाइयो ।

गुरुङ विद्यार्थीहरूको शैक्षिक उपलब्धि सम्बन्धी देखा परेका समस्याहरूमा जमीन नभएको र भए पनि एकदमै कम भएको हुँदा गरिबीको कारण अरुको काम गर्नुपर्ने बाध्यता, विद्यालय पोशाक, भर्ना शुल्क, कापी कलम किन्न पैसाको अभाव, घरको वातावरण शिक्षाको दृष्टिकोणले प्रतिकुल हुनु, शिक्षाबाट तुरुन्त प्रतिफल नपाईने हुनाले अरु पेशामा

आकर्षित, लैङ्गिक विभेद, परम्परावादी र रुढिवादी चिन्तन एवम् संस्कार विद्यमान रहनु, परीक्षामा अनुत्तिर्ण हुनु, जाँडरक्सीको अत्यधिक प्रयोग गरी मोजमस्तीमा रमाउन गुरुङ अभिभावकले गर्दा बालबालिकामा पनि त्यसको प्रभाव पर्नु, गुरुङ स्वयम्ले आफूलाई तल्लो वर्गको ठान्नु, महिला गुरुङहरू निरक्षर हुनु, गुरुङ अभिभावकहरूमा शैक्षिक चेतनाको कमीजस्ता कुराहरू रहेको देखियो ।

## ५.२ निष्कर्ष

अध्ययन क्षेत्रको व्याख्या र विश्लेषणबाट हासिल गरेका जानकारीहरूको आधारमा निम्न निष्कर्ष निकालिएको छ ।

गुरुङ जातिका विद्यार्थीको शैक्षिक उपलब्धि वा उत्तिर्ण प्रतिशत गैर गुरुङ विद्यार्थीको तुलनामा कम रहेको छ । २०७४ सालको नतिजा हेर्दा ८७.४२% गैर गुरुङ विद्यार्थी उत्तिर्ण छन् भने गुरुङ विद्यार्थीको उत्तिर्ण प्रतिशत ७४.९१ रहेको छ । त्यस्तै २०७५ सालमा गुरुङ विद्यार्थीको उत्तिर्ण प्रतिशत ७५ र गैर गुरुङ विद्यार्थीको उत्तिर्ण प्रतिशत ८५.७ रहेको छ । त्यस्तै २०७७ सालमा पनि गैर गुरुङ विद्यार्थी ८४.१% उत्तिर्ण छन् भने गुरुङ विद्यार्थीहरू ७७.३१% मात्र उत्तिर्ण छन् ।

गैरगुरुङ विद्यार्थीको तुलनामा गुरुङ विद्यार्थीको विद्यालय उपस्थिति कम देखिन्छ । गुरुङहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुन नसकेका कारण उनीहरूको शैक्षिक उपलब्धि कमि छ र समग्र शिक्षा क्षेत्रमा पछि परेका छन् । अध्ययन क्षेत्रमा प्राथमिक विद्यालयहरूमा गैरगुरुङ विद्यार्थीहरूको तुलनामा गुरुङ विद्यार्थीहरूको संख्या कमी छ ।

विद्यालय र कक्षाकोठामा जातिपाती र वर्गको नाममा गरिने विभेद तथा अन्य क्रियाकलाप गुरुङ तथा गैर गुरुङ दुवै विद्यार्थीहरूमा नदेखिएका कारण विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा जातजातिको नाममा गरिने व्यवहारले बाधा पुऱ्याएको पाइएन । विद्यालयमा कम उपस्थिति हुने बालबालिकाको विषयवस्तुमा हुने ज्ञानको कमिले स्वतः विद्यालय नजाने मनस्थिति रहेको  पाइयो । कक्षाकोठा क्रियाकलापमा शिक्षक र विद्यार्थी बीचको दोहोर आदान-प्रदान नभएकोले गुरुङ विद्यार्थीहरूले शैक्षणिक क्रियाकलापमा उल्लेख्य प्रगति गर्न नसकेको  देखिन्छ ।

गुरुङ विद्यार्थीहरू डराउने, लजाउने गरेकोले कक्षा कोठामा कम संलग्न हुने गरेको देखिन्छ । समुदाय परम्परागत रुढीवादी शैलीमा चल्नाले अभिभावकहरूमा शैक्षिक चेतनाको कमिले गर्दा कलिला बालबालिकामा त्यसको प्रभाव परी विद्यालयमा नजाने र बीचैमा पढाई छोड्ने स्थिति देखा परेको छ । लैङ्गिक समानताको कमीले शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । जसले गर्दा गुरुङ केटाको तुलनामा केटीको शैक्षिक उपलब्धि पनि कम रहेको छ ।

आर्थिक समस्या, गुरुङ अभिभावकमा चेतनाको कमी, गुरुङहरूमा परम्परागत विचार विद्यमान रहनु जस्ता कारणले गुरुङ विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा असर पुर्‍याएको छ । गुरुङ विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न आर्थिक सौलिहत, निःशुल्क शिक्षा, रोजगारमूलक शिक्षा, मातृभाषामा शिक्षा र जातीय भेदभावको अन्त्य गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, बिष्णुप्रसाद (२०६१), *शिक्षा सेवा प्राविधिक सहायक दर्पण,* काठमाडौं : आशिष पुस्तक भण्डार ।

आचार्य, बलराम (२०६२), *मानवशास्त्रीय सिद्धान्तहरूको विश्लेषण,* काठमाडौ : नेशनल बुक सेन्टर ।

काफ्ले, वासुदेव सिन्हा, रावस्वरूप, श्रेष्ठ चन्द्रबहादुर (२०६०), *शैक्षिक योजना,* काठमाडौ : भुँडीपुराण प्रकाशन ।

कास्की जिल्लाको शैक्षिक विवरण, (२०७६), *कास्की : जिल्ला शिक्षा इकाइ,* कास्की ।

कास्की दर्पण, (२०७६), *कास्की विकास समन्वय समिति,* कास्की ।

कान्तिपुर दैनिक, २९ फाल्गुण २०७३, *पोखरा मुलककै ठूलो महानगर*।

कोइराला, विद्यानाथ र आचार्य, शुसन (२०६१), *सामाजिक न्यायको सेरोफेरोमा शिक्षा,* काठमाडौं : स्टुडेण्ट बुक्स एण्ड पब्लिसर्स ।

खनाल, पेशल (२०६०), शैक्षिक अनुसन्धान पद्दति, काठमाडौं : स्टुडेण्ट पब्लिसर्स एण्ड डिस्टिब्युटर्स ।

खनाल, श्रीप्रसाद र मुडवरी, नवराज (२०५९), *शैक्षिक अनुसन्धान पद्धतिको परिचय,* काठमाडौं : क्षितिज प्रकाशन ।

गौडेल, यादव र अन्य (२०६०), *शिक्षाको वित्तशास्त्र,* काठमाडौ : स्टुडेन्टस् बुक्स ।

गौतम, गेहनाथ र अन्य, (२०६०), *विद्यालय निरिक्षक प्रतियोगिता दिग्दर्शन,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

तामाङ्ग, सीताराम, (२०५६), *विश्व आदिवासी आन्दोलन*।

तामाङ्ग, परशुराम, (१९९८), राष्ट्रियता र जनजाति, काठमाडौं : जनसाहित्य प्रकाशन केन्द्र ।

नागरिक दैनिक, ०५ चैत्र (२०७३), *कास्कीमा स्थानीय तह पुन: संरचना कार्यान्वयन*

निरौला, हिरामणी र अरुण पौडेल, (२०५९), *खरिदार प्रतियोगिता दिग्दर्शन,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

नेपालको अन्तरिम संविधान, (२०६३), काठमाडौं : कानुन किताव व्यवस्था समिति ।

पाण्डे, मधुसुदन (२०६०), नेपालका जनजातिहरू, काठमाडौ : पैरवी प्रकाशन ।

पाण्डे, रामकुमार (२०४०), नेपाल परिचय, ललितपुर : इन्दु छापाखाना ।

प्रश्रित, मोदनाथ, (२०६३ फाल्गुण ९ : ७), *देशभरी व्युँभिरहेछ दलित मानवता,* कान्तिपुर राष्ट्रिय दैनिक ।

वागचन्द्र, रत्नबहादुर, (२०५९), *दलित समुदायको सामाजिक विकासको सन्दर्भमा शैक्षिक अवस्था र कानुनी अधिकार विषयक कार्यपत्र, दलित विकास समिति,* काठमाडौं ।

विश्वकर्मा, हिरालाल, (२०६२ जेठ २ : ४) *जातीय विभेद उन्मुलनका लागि दलित प्रतिनिधित्वको आवश्यकता,* गोरखापत्र ।

शर्मा र अन्य(१९८४), *नेपालका उत्पीडित तथा आदिवासीहरूको वर्तमान सामाजिक, आर्थिक अवस्था एक अध्ययन,* काठमाडौ : पैरवी प्रकाशन ।

शर्मा, गोपीनाथ (२०५९), *शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौ : मकालु बुक्स ।

शर्मा, चिरञ्जिवी(२०६२), *शिक्षाका आधारहरू,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्टिव्युटर्स ।

शर्मा, चिरञ्जिवी र निर्मला शर्मा (२०६४), *शैक्षिक योजना,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्टिव्युटर्स ।

शिक्षा विभाग (२०६२), *बालमैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका,* काठमाडौ : सानोठिमी भक्तपुर ।

सबैको लागि शिक्षा मूल दस्तावेज, (२००१-२००९), काठमाडौं : शिक्षा विभाग, शिक्षा मन्त्रालय ।

ढकाल, हरिप्रसाद (२०६६), *प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक अवस्था अध्ययन,* स्नातकोत्तर अप्रकाशित शोधपत्र, काठमाडौ : त्रि.वि.शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

भट्टराई, पुष्करराज (२०६६), *प्राथमिक शिक्षामा बालबालिकाको सहभागिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौ : शिक्षा शास्त्र संकाय ।

**प्राथमिक तहका गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था**

**परिशिष्ट : १**

**गुरुङ विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता हेर्नको लागि तयार पारिएको अवलोकन फारम (रुजु सूचि)**

विद्यालयको नाम : ...................................... कक्षा : .............

| सि. नं. | विद्यार्थी क्रियाकलाप | टिप्पणी | |
|---|---|---|---|
| | | गुरुङ विद्यार्थी | गैर गुरुङ विद्यार्थी |
| १ | कक्षामा ध्यान दिएर सुन्छ । | | |
| २ | विषयसँग सान्दर्भिक प्रश्न सोध्छ । | | |
| ३ | शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ | | |
| ४ | छलफलमा सहभागी हुन्छ । | | |
| ५ | शिक्षकले दिएको अर्ति उपदेश पालना गर्छ । | | |
| ६ | कक्षा कार्य गर्छ । | | |
| ७ | गृहकार्य गरेर ल्याउँछ । | | |
| ८ | अरु विद्यार्थीसँग बस्छ । | | |
| ९ | कापीकलम लिएर स्कूल आउँछ । | | |
| १० | समयमा स्कूल आउँछ । | | |

**प्राथमिक तहको** गुरुङ **बालबालिकाहरूको शैक्षिक अवस्था**

**परिशिष्ट : २**

**शिक्षकहरूको लागि छलफल अनुसूची**

जिल्ला :

शिक्षकको नाम :.......................................................

विद्यालयको नाम : ............................................

ठेगाना :

१. गुरुङ र गैर गुरुङ विद्यार्थीहरू बीच के-कस्ता समानता र भिन्नता पाउनु हुन्छ ?

- विद्यालय आउने बारे । ..........................................................
- गृहकार्य गर्ने बारे । .............................................................
- कापी, कलम र किताब ल्याउने बारे । ......................................
- कक्षा सहभागिता । ..............................................................
- प्रश्न गर्ने उत्तर दिने । ..........................................................
- साथीहरूसँग हेलमेल गर्ने सम्बन्धमा ।

..........................................................................................................

२. गुरुङ विद्यार्थीलाई सिकाईमा उत्प्रेरित गर्नको लागि कस्तो भूमिका हुनुपर्दछ ?

..........................................................................................................

३. विद्यालयमा हुने शैक्षिक क्रियाकलापमा गुरुङ र गैर गुरुङ विद्यार्थीहरूको संलग्नतामा समानता र भिन्नता पाउनु हुन्छ ? किन ?

..........................................................................................................

४. गुरुङ विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

..........................................................................................................

५. बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू के-के हुन् ?

..........................................................................................................

## परिशिष्ट : ३

## गुरुङ विद्यार्थीहरूको लागि छलफल अनुसूची

उत्तरदाताको नाम : ..................................................

लिङ्ग : उमेर :

कक्षा :

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरू छन् ?

..........................................................................................................

२. ती मध्ये अन्य जातका विद्यार्थीहरूलाई आफ्नो साथी बनाएका छौ कि छैनौ ?

..........................................................................................................

३. तल्लो तथा उपल्लो जातका विद्यार्थी सँगसँगै बस्छौ कि बस्दैनौ ?

..........................................................................................................

४. ती जातका विद्यार्थीहरूसँग खेल्छौ कि खेल्दैनौ ?

..........................................................................................................

५. तल्लो तथा उपल्लो जातका विद्यार्थीहरूसँग खाना खान्छौ कि खाँदैनौ ?

..........................................................................................................

६. ती विद्यार्थीहरूलाई आफ्नो घर लगेका छौ ?

..........................................................................................................

७. छ भने ती जातका विद्यार्थीहरूलाई आफ्नो घरमा लैजाँदा बाबुआमाले के भन्नुहुन्छ ?

..........................................................................................................

८. तिमीहरूको विचारमा शिक्षकले तिमीहरूलाई र अन्य जातका विद्यार्थीहरूलाई समान व्यवहार गरेजस्तो लाग्छ ?

..........................................................................................................

९. तिम्रो पढाई कमजोर हुनुको कारण के हो जस्तो लाग्छ ?

..........................................................................................................

प्रश्न गर्ने वा जवाफ दिने, .......................................................

साथीहरूसँग घुलमिल, ..........................................................

गृहकार्य गर्ने, ....................................................................

अतिरिक्त क्रियाकलापमा भाग लिने आदि ।

१०. तिमीलाई पठन पाठन सम्बन्धमा केही समस्या छ कि ?

......................................................................................

## परिशिष्ट : ४

## गैर गुरुङ विद्यार्थीहरूको लागि छलफल अनुसूची

उत्तरदाताको नाम :                    लिङ्ग :                    उमेर

कक्षा :

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरू छन् ?

..........................................................................................................

२. ती मध्ये गुरुङ विद्यार्थीहरूलाई आफ्नो साथी बनाएका छौ कि छैनौ ?

..........................................................................................................

३. गुरुङ जातका विद्यार्थीसँगसँगै बस्छौ कि बस्दैनौ ?

..........................................................................................................

४. गुरुङ विद्यार्थीहरू सँग खेल्छौ कि खेल्दैनौ ?

..........................................................................................................

५. गुरुङ विद्यार्थीहरूसँग बसी खाजा खान्छौ कि खाँदैनौ ?

..........................................................................................................

६. ती विद्यार्थीहरूलाई आफ्नो घरमा लगेका छौ ?

..........................................................................................................

७. छ भने ती विद्यार्थीहरूलाई आफ्नो घरमा लैजाँदा बाबुआमाले के भन्नुहुन्छ ?

..........................................................................................................

८. तिमीहरूको विचारमा शिक्षकले तिमीहरूलाई र गुरुङ विद्यार्थीहरूलाई समान व्यवहार गरे जस्तो लाग्छ ?

..........................................................................................................

९.गुरुङ जातका विद्यार्थीहरूको पढाईको स्तर कस्तो छ जस्तो लाग्छ ?

- प्रश्न गर्ने जवाफ दिने । ...........................................................
- साथीहरूसँग घुलमिल ........................................................
- गृहकार्य गर्ने । ...........................................................................
- अतिरिक्त क्रियाकलापमा भाग लिने आदि । .......................................

१०. गुरुङ जातका विद्यार्थीको खास समस्या के हो जस्तो लाग्छ ?

..........................................................................................................

## परिशिष्ट : ५

## गुरुङ अभिभावकहरूको लागि अन्तरवार्ता अनुसूची

उत्तरदाताको नाम : लिङ्ग उमेर :

१. तपाई कुन पेशामा संलग्न हुनुहुन्छ ?

..............................................................................................

२. तपाईको नानी बाबुहरू कति जना विद्यालय जान्छन् ?

..............................................................................................

३. आफ्नो छोराछोरीको पढाई बारे थाहा पाउन विद्यालय जाने र शिक्षकसँग भेट्ने गर्नुभएको छ कि ?

..............................................................................................

४. तपाईले आफ्नो छोराछोरीलाई शिक्षा दिने क्रममा कुनै समस्या भोग्नु भएको छ कि ?

..............................................................................................

५. विद्यालयका शिक्षकले तपाईको छोराछोरीसँग कस्तो व्यवहार गर्छन् जस्तो लाग्छ ?

..............................................................................................

६. जनजाति भएको कारणले तपाईको छोराछोरीले विद्यालयमा कुनै कठिनाई भोग्नु परेको छ कि ?

..............................................................................................

७. गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था न्यन हुनुको कारण तपाईको विचारमा के हो जस्तो लाग्छ ?

..............................................................................................

८. गुरुङ बालबालिकाहरूलाई शिक्षामा बढी भन्दा बढी शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि कस्ता उपायहरू अपनाउनु पर्ने देख्नुहुन्छ ?

..............................................................................................

९.गुरुङ जातिको शैक्षिक अवस्था सुधार्न सरकारले के गरिदिए हुन्थ्यो भन्ने लाग्छ ?

..............................................................................................

**प्राथमिक तहको गुरुङ बालबालिकाहरूको शैक्षिक अवस्था**

## परिशिष्ट : ६

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

उत्तरदाताको नाम : ................................ लिङ्ग : ........

पद : अध्यक्ष उमेर : ...........

विद्यालय : ....................................... वार्ड नं. : ........

१. तपाई वि.व्य.स.को अध्यक्ष पदमा कहिले छानिनु भयो ?

...........................................................................................

२. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

...........................................................................................

३. तपाई विद्यालयमा बेला बेलामा जाने गर्नुहुन्छ ?

...........................................................................................

४. तपाईको विद्यालयमा अध्यापनरत शिक्षकहरूमध्ये गुरुङ शिक्षकहरू पनि छन् ?

...........................................................................................

५. गुरुङ हरूको शैक्षिक अवस्था कस्तो छ ?

...........................................................................................

६. गुरुङहरूलाई शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि विद्यालयले केही कार्यक्रमहरू ल्याएको छ कि ?

...........................................................................................

७. गुरुङहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

...........................................................................................

८. शिक्षक सम्बन्धी गुरुङ अभिभावकका धारणा के कस्तो पाउनु भएको छ ?

...........................................................................................

९.गुरुङहरूको शैक्षिक अवस्था बृद्धि गर्न सरकारबाट कस्तो कार्यक्रमको अपेक्षा गर्नुभएको छ ?

...........................................................................................